'बजेटमा आर्थिक अनुशासन आवश्यक छ' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २७ •अंक २७ • २०८२ साल असार २ गते सोमबार (16 June, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


### मधेश प्रदेशको बजेट सार्वजनिक

# मलखाद उद्योगदेखि ट्रेवल एण्ड टुर समिटसम्मको सम्भाव्यता अध्ययन प्राथमिकता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि ४६ अर्ब ५८ करोड ३३ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

प्रदेश सभामा आइतबार बसेको प्रदेशसभा बैठकमा अर्थमन्त्री सुनिल कुमार यादवले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/०८३ का लागि ४६ अर्ब ५८ करोड ३३ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ भने चालु आर्थिक वर्षतर्फ १६ अर्ब ७२ करोड ५ लाख रुपैयाँ र पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

बजेटको वित्तीय स्रोत अनुसार आन्तरिक राजस्वबाट ९ अर्ब ५० करोड ८३ लाख रुपैयाँ उठाउने लक्ष्य राखिएको छ। सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान (७ अर्ब ७२ करोड १९ लाख), सशर्त अनुदान (४ अर्ब २६ करोड १८ लाख), विशेष अनुदान (३९ करोड ४५ लाख) र समपूरक अनुदान (३५ करोड ८२ लाख) लाई पनि बजेटको महत्त्वपूर्ण स्रोतका रूपमा लिइएको छ ।

मधेश प्रदेशले अघिल्लो वर्षको नगद मौज्दातलाई ठूलो आधार बनाएको थियो । १० अर्ब ३८ करोड रुपैयाँ नगद मौज्दातबाट जुटाउने लक्ष्य राखिएको छ । त्यस्तै राजस्व बाँडफाटबाट १ अर्ब ३५ करोड र आन्तरिक ऋणबाट २ अर्ब रुपैयाँ समेत जुटाउने योजना बजेटमार्फत जनाएको छ ।

त्यस्तै मधेश प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विभिन्न मन्त्रालयका लागि पनि बजेट छुट्याएको छ ।

सो अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १५ अर्ब ८८ करोड ७१ लाख ८५ हजार, स्वास्थ्य तथा शिक्षा मन्त्रालयका लागि ६ अर्ब ४५ करोड ६१ लख, उर्जा सिचाइ तथा खानेपानी मन्त्रालयका लागि ४ अर्ब ४१ करोड ९९ लाख ९९ हजार, शिक्षा तथा संस्कृति मन्त्रालयका लागि  ३ अर्ब ५७ करोड ६६ लाख ५५ हजार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार, वन तथा वातावरण मन्त्रालयका लागि २ अर्ब ३७ करोड ५६ लाख ३८ हजार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब ८३ करोड रुपैयाँ, गृह कानुन तथा सञ्चार मन्त्रालयका लागि ६४ करोड ८९ लाख ९७ हजार, श्रम तथा यातायात मन्त्रालयका लागि ५७ करोड १४ लाख ५० हजार र खेलकुद मन्त्रालयका लागि १ अर्ब ६८ करोड ७३ लाख रुपैयाँ छुट्याइएको छ ।

आगामी आर्थिक वर्षको बजेटमा युवालाई मधेश प्रदेशमै रोजगारी सिर्जनाका साथै आर्थिक गतिविधिमा संलग्न गराउने, तुलनात्मक लाभ बढी भएका उद्योगहरू प्रवर्द्धन गर्ने, उद्यमशीलता विकासमार्फत गरिबी न्यूनीकरण गर्ने तथा सार्वजनिक सम्पत्ति र स्रोतहरूको प्रभावकारी र परिणाममुखी उपयोगमा ल्याइने दाबी गरिएको छ ।

मधेश प्रदेश सरकारले महत्वकांक्षी योजना अन्तर्गत उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिइएको छ ।

भिजिट मधेश २०८३ घोषणा गरिएको छ । मधेश प्रदेशको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न र पर्यटकहरूलाई आकर्षित गर्न भिजिट मधेश २०८३ अभियान घोषणा गरिएको छ।



मधेश लगानी सम्मेलन गरिने जनाएको छ । स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न मधेश लगानी सम्मेलन आयोजना गरिनेछ। यसले प्रदेशमा उद्योग र व्यवसायको विस्तारमा सहयोग पुऱ्याउनेछ।

डायस्पोरा समिट अन्तर्गत विश्वभर छरिएर रहेका मधेशी डायस्पोरालाई प्रदेशको विकासमा जोड्न 'डायस्पोरा समिट' आयोजना गरिने बजेटमा उल्लेख गरिएको छ।

ट्रेवल एण्ड टुर समिट अन्तर्गत पर्यटन व्यवसायी र सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर पर्यटन प्रवर्द्धनका नयाँ रणनीतिहरू बनाउन ट्रेवल एण्ड टुर समिट आयोजना गरिने बजेटमा उल्लेख गरिएको छ।


बजेटको पूर्णपाठ पृष्ठ ३ र ५ मा


अयोध्यामा जनकपुरको प्रचार प्रसार अन्तर्गत भारतको अयोध्यामा जनकपुरधामको धार्मिक र सांस्कृतिक महत्वको प्रचार प्रसार गरी भारतीय पर्यटकहरूलाई आकर्षित गर्ने योजना रहेको बजेटमा उल्लेख गरिएको छ।

४० प्रमुख पर्यटकीय स्थल स्तरोन्नति अन्तर्गत प्रदेशभित्र रहेका ४० वटा प्रमुख पर्यटकीय स्थलहरूको स्तरोन्नति गरी पर्यटकहरूका लागि थप आकर्षक बनाइने बजेटमा उल्लेख गरिएको छ।

८ वटै जिल्ला सदरमुकाम जोड्ने पोडवे अन्तर्गत प्रदेशका आठवटै जिल्ला सदरमुकामहरूलाई जोड्ने गरी पोडवेको निर्माण गरिनेछ, जसले यातायात सुविधा र पर्यटन आवागमनमा सहजता ल्याइने बजेटमा उल्लेख गरिएको छ।

उद्योग, व्यवसाय तथा किसानका लागि लोन कार्ड अन्तर्गत उद्योगी, व्यवसायी र किसानहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन लोन कार्डको व्यवस्था गरिनेछ। यसले उद्यमशीलता र कृषि उत्पादनमा वृद्धि ल्याउने अपेक्षा गरिएको छ।

मधेश स्पेस तथा कम्युनिकेशन सेन्टर सञ्चालन अन्तर्गत विज्ञान तथा प्रविधिको विकासमा टेवा पुर्याउन र आधुनिक संचार प्रणालीलाई सुदृढ गर्न मधेश स्पेस तथा कम्युनिकेशन सेन्टर सञ्चालनमा ल्याइने बजेटमा उल्लेख गरिएको छ।

मधेश स्टार्ट अप कार्यक्रम अन्तर्गत युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न र नयाँ व्यवसायहरूलाई सहयोग पुर्याउन मधेश स्टार्ट अप कार्यक्रम सञ्चालन गरिने छ।

यूरिया सहित रासायनिक मलखाद उद्योगका लागि सम्भाव्यता अध्ययन अन्तर्गत प्रदेशमा यूरिया सहित रासायनिक मलखाद उद्योग स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ । यसले कृषकहरूलाई मलको उपलब्धतामा सहजता ल्याउनेछ र कृषि उत्पादन बढाउन मद्दत बजेटमा उल्लेख गरिएको छ।

१० हजार जनालाई व्यावसायिक सीप तालिम अन्तर्गत प्रदेशका १० हजार जनालाई विभिन्न व्यावसायिक सीप तालिम प्रदान गरिनेछ । यसले युवाहरूलाई रोजगारी प्राप्त गर्न र आत्मनिर्भर बन्न मद्दत गर्ने बजेटमा उल्लेख गरिएको छ।







# बाढीले कटान गरेपछि बाँध मर्मत

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको कौडेना गाउँपालिका-५, छपकैयामा आइतबार बिहान लखन्देही खोलामा पानीको बहाव बढेर बाँध कटान गरेको छ ।

पहाडी भेगमा बिहान भएको भारी वर्षापछि लखन्देही खोलामा बाढी मध्यनजर गर्दै नेपाली सेनाको कालीध्वज गणका २५ जना र सशस्त्र प्रहरीको १० जना टोली मिलेर बाँधको रोकथाम गर्ने काम गरेको कालीध्वज गणका गणपति एवं प्रमुख सेनानी गोविन्द विष्टले जानकारी दिए ।

छपकैयामा बर्सेनि बाढी आएर कटान तथा डुबानको व्यापक समस्या हुनेगरेको



आएको स्थानीयले बताएका छन् । बाढी बढेर कटान गरेको बाँध तत्कालका लागि नेपाली सेना र सशस्त्र प्रहरी भएर अस्थायी रूपमा मर्मतको काम गरेका छन् ।

उक्त बाँध फुटेमा कौडेना गाउँपालिका-५, छपकैया र मलंगवा नगरपालिका-६, खुटौना गाउँ डुबानमा पर्ने जोखिम रहेको छ । सम्भावित जोखिमलाई छ । पहाडी भेगमा परेको पानीमै आएको बाढीमा बाँध कटान गर्न सुरु गरेकाले अब ठुलो पानी पर्नासाथ थप समस्या उत्पन्न हुने भन्दै स्थानीय त्रसित बनेका छन् ।

आइतबार बिहान पहाडी क्षेत्रमा परेको पानीले पानीको बहाव बढेको बागमती र लखन्देखी खोलामा दिउँसोबाट क्रमिक रूपमा पानीको सतह कम हुँदैगएको छ ।

# वीरगञ्जमा लार्भा नष्ट गर्ने अभियान




वीरगञ्ज । स्वास्थ्य कार्यालय पर्साले वीरगञ्ज महानगरको ३२ वटै वडासहित पर्साका पालिकामा यसपालिको मनसुनअगावै डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान अघि सार्ने भएको छ ।

विगतका वर्षहरूमा स्वास्थ्य कार्यालय र वीरगञ्ज महानगर स्वास्थ्य तथा सामाजिक विकास महाशाखा जनस्वास्थ्य प्रवर्द्धन शाखाको अगुवाइमा डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोजी गरेर लार्भा नष्ट गर्ने अभियान प्रभावकारी भएसँगै यस वर्ष पनि निरन्तरता दिन लागिएको हो । स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोजी गरेर लार्भा नष्ट गर्ने अभियानलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने बताउनुभयो ।

"डेङ्गुको लार्भा नष्ट गर्न हरेक वडा कार्यालयमा १० जनाको टोली बनाई तीन दिनसम्म जनचेतनामूलक कार्यक्रम गर्न लागिएको छ, लार्भा नष्ट गर्ने तालिका भने छिट्टै सार्वजनिक गरिने छ", उहाँले भन्नुभयो ।

जनस्वास्थ्य अधिकृत ठाकुरले स्वास्थ्य कार्यालयले लामखुट्टेको लार्भा नष्ट गर्न आवश्यक पर्ने बायोडार्ट सप्लाई पनि दिँदै आइरहेको जानकारी दिनुभयो । "टोलटोलमा बायोडार्ट औषधि छर्किएका कारणले पनि लामखुट्टेको विकास हुन पाइरहेको छैन", उहाँले भन्नुभयो, "यस वर्ष पनि हामीले प्रभावकारी अभियान अघि बढाउँछौँ ।"

स्वास्थ्य कार्यालयले चालु आवमा १६ वटा औषधि छर्कने टयाङ्की, एक हजार बायोडार्ट औषधिको झोल वीरगञ्ज महानगरअन्तर्गतका १ देखि १६ नम्बर वडा कार्यालयमा उपलब्ध गराएको छ । अन्य स्वास्थ्य सामग्री पनि उपलब्ध गराउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वीरगञ्ज महानगर स्वास्थ्य तथा सामाजिक विकास महाशाखा जनस्वास्थ्य प्रवर्द्धन शाखा जनस्वास्थ्य निरीक्षक सुमनचन्द्र ठाकुरले पछिल्ला वर्षमा वीरगञ्ज महानगरमा डेङ्गुका सङ्क्रमित बिरामीको सङ्ख्या वृद्धि हुँदै आइरहेको जानकारी दिनुभयो ।

"चालु आर्थिक वर्षमा वीरगञ्ज महानगरमा १६ हजार ३३४ डेङ्गुको जाँच गर्दा चार सय ७० जनालाई डेङ्गुको सङ्क्रमण देखिएको छ", उहाँले भन्नुभयो, "गत आर्थिक वर्षमा भने चार हजार ७८१ जनाको डेङ्गु जाँच गर्दा तीन सय ४९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो ।"

त्यस्तै आव २०७९/८० मा दुई हजार ६६१ जना जनाको डेङ्गु जाँच गर्दा एक सय ९९ जना डेङ्गुका सङ्क्रमित भेटिएका थिए । चालु आवमा वीरगञ्ज महानगर क्षेत्रमा छिमेकी मुलुक भारतबाट आएका १४ बिरामीमा मलेरिया देखिएसँगै आवश्यक उपचार गरिएको थियो ।

वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले महानगरले सरसफाइ अभियान प्रभावकारी ढङ्गले अघि बढाउँदै आएको बताउनुभयो । "महानगरको सरसफाइको अभियानले पनि वीरगञ्ज सरसफाइ गराउन सम्भव भएको छ", उहाँले भन्नुभयो, "महानगरले साढे दुई वर्षको अवधिमा मात्र फोहरमैला जथाभावी फ्याँक्नेबाट रु ६६ लाखभन्दा बढी जरिवाना तिराएको छ ।" रासस

# सशस्त्र प्रहरी बल रौतहटद्वारा एक करोड ८२ लाख मूल्यको भन्सार छलीको सामान बरामद



रौतहट । सशस्त्र प्रहरी बल, रौतहटले पछिल्लो चार महिनामा रु एक करोड ८३ लाख मूल्य बराबरको अवैध सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी उपरीक्षक एवं गणपति सन्तोषकुमार बस्नेतले गत फागुन १ देखि जेठ मसान्तसम्ममा सो रकम बराबरको अवैध समान बरामद गरेको राससलाई जानकारी दिनुभयो । सशस्त्र प्रहरी बल रौतहटले सोही अवधिमा रु ६९ लाख ३२ हजार मूल्य बराबरको सवारीसाधन जफत गरेको छ ।

"सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै अवैध चोरी पैठारीका सामान उल्लेख्यमात्रामा बरामद गरेको छ", रौतहट सशस्त्र प्रहरी प्रमुख बस्नेतले भन्नुभयो, "यस अवधिमा एक थान स्कार्पियो जिप, ५४ वटा मोटरसाइकल र चार थान साइकल र एक थान अटोरिक्सासमेत बरामद गरिएको छ ।"

यसैगरी रु ८५ लाख ६८ हजार २२४ मूल्य बराबरको अवैध किराना तथा कस्मेटिक सामान, लत्ताकपडा र मोटरपार्टस पनि बरामद गर्न सशस्त्र प्रहरी बल सफल भएको छ ।

रौतहट जिल्लामा सरमजुवा, रामपुर खाप, औरहिया, गौर र बेलविचवा गरी पाँच स्थानमा सीमावर्ती नाकासहित भन्सार कार्यालय रहेको छ ।


सशस्त्र प्रहरी बलका अनुसारपछिल्लो चार महिनामा अर्धस्वचालित पेस्तोल थान एकसहित स्रोत नखुलेको रु १० लाख ६१ नेपाली र छ लाख चार हजार ६४० भारतीय रुपैयाँ पनि बरामद गरिएको छ ।

त्यस्तै मानव बेचबिखनको आशङ्कामा रौतहटस्थित सीमावर्ती नाकाबाट १० नेपाली महिलाको उद्धार गरेको सशस्त्र प्रहरीले ५३ किलोग्राम गाँजासमेत बरामद गरेको स्पष्ट गरेको छ । सशस्त्र प्रहरी बल, रौतहत प्रमुख बस्नेतले हेडक्वाटर मातहतका पाँचवटै प्रहरी युनिटलाई अवैध चोरीपैठारी नियन्त्रण र सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि निर्देशन दिएको बताउनुभयो । रासस

# एघार बुँदे घोषणापत्र जारी गर्दै प्रहरी र सरकारी वकिलहरूको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाण्डु । अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरूको काठमाण्डुमा शुरू भएको दुई दिवसीय तेस्रो राष्ट्रिय सम्मेलन आज ११ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

सम्मेलनले प्रविधिको प्रयोग बढाउनुपर्ने, तथ्य र प्रमाणलाई ध्यान दिनुपर्ने, स्रोतसाधन बढाउनुपर्ने, जनशक्ति विकास तथा तालिम प्रशिक्षणलगायत कार्यक्रम अघि बढाउनुपर्नेसहितका निष्कर्ष निकालेको हो ।



सम्मेलन समापनका अवसरमा नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि गृहमन्त्री रमेश लेखकले सम्मेलनले फौजदारी न्यायको विषयमा सहभागीहरूबीच सार्थक र साझा निष्कर्षमा पुग्न सहयोग गर्नुका साथै आगामी दिनहरूका लागि महत्त्वपूर्ण प्रतिबद्धतासहित मार्गनिर्देशन गर्न सफल भएको बताउनुभयो ।

समय र प्रविधिको विकाससँगै नयाँनयाँ चुनौती र फरक शैलीका अपराध वृद्धि भइरहेको सन्दर्भमा त्यसलाई सामना गर्न नयाँ पद्धतिको अवलम्बन गरी वयानमुखी अनुसन्धानभन्दा वैज्ञानिक अनुसन्धान तथा अभियोजनमा केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो । समारोहमा सर्वोच्च अदालतका न्यायाधीश महेश शर्मा पौडेलले कार्यसम्पादनका क्रममा आइपरेका समस्यालाई सम्बोधन गर्न र भावी कार्यदिशा कोर्न तथा फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउन सम्मेलन सफल भएको विचार व्यक्त गर्नुभयो ।

सो अवसरमा महान्यायाधिवक्ता रमेश बडालले फौजदारी न्याय प्रणालीको क्षेत्रमा भइरहेका अभ्यासलाई समायानुकूल परिवर्तन गर्न सम्मेलन प्रभावकारी भएको बताउनुभयो ।

प्रहरी महानिरीक्षक दीपक थापाले धन्यवाद मन्तव्य व्यक्त गर्दै अपराध अनुसन्धानमा नयाँ प्रविधिको प्रयोग, नयाँ कानुनी व्यवस्था र अभ्यासका बारेमा अनुसन्धानकर्ता, अभियोजनकर्ता र सम्बन्धित विज्ञ तथा विशेषज्ञबीच गहन अन्तर्क्रिया, ज्ञान र अनुभव आदानप्रदानका विषयमा सम्मेलन प्रभावकारी भएको बताउनुभयो ।

नेपाल बार एसोसिएसनका महासचिव केदारप्रसाद कोइरालाले सम्मेलनको महत्व र प्रभावकारिताबारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा सहन्यायाधिवक्ता सूर्यराज दाहाल र प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले सम्मेलनमा पारित घोषणापत्रका बारेमा जानकारी गराउनुभएको थियो ।

सो अवसरमा सम्मेलनमा भएका छलफलका विषयको महत्व र प्रभावकारिताबारे सहभागी अभियोजनकर्ता सरकारी वकिलकोतर्फबाटउपन्यायाधिवक्ता मुना पौडेल र अनुसन्धानकर्ता प्रहरीको तर्फबाट प्रहरी नायब उपरीक्षक हिमा थोकरले मन्तव्य व्यक्त गर्नुभएको थियो । रासस

# 'राजस्व चुहावट नियन्त्रण गरी लक्ष्यअनुरुप राजस्व उठाउनुपर्छ'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद भीमप्रसाद आचार्यले राजस्व चुहावटलाई नियन्त्रण गर्नसक्ने हो भने लक्ष्यअनुसार राजस्व उठाउन सकिने धारणा राख्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा आगामी वर्षको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा पार्टीकोतर्फबाट विचार राख्दै उहाँले रु २० अर्ब राजस्व उठाउन सकिने बताउँदै अहिले ५० प्रतिशत राजस्व चुहावट भइरहेको जानकारी दिनुभयो ।



"बजेट तुलनात्मक रूपमा यथार्थपरक छ, निजी क्षेत्रका समस्या समाधान गर्न उन्मुख बजेट आएको छ, बजेटले आयोजनालाई प्राथमिकीकरण गर्न खोजेको छ, अनुत्पादक क्षेत्रमा ऋण लिनुहुँदैन, आवश्यक विषयमा ऋण लिन डराउनु पनि हुँदैन रु तीन करोडभन्दा कमका आयोजना नराख्ने भनिए पनि रु एक हजारका आयोजना पनि आउनुले सरकारको निर्णय कार्यान्वयन नभएको देखिएको छ", पूर्वमन्त्रीसमेत रहनुभएका सांसद आचार्यले भन्नुभयो ।

कृषिक्षेत्रमा अनुसन्धान हुन नसकेको उल्लेख गर्दै सांसद आचार्यले फौजी कीराकाबारेमा अनुसन्धानहुननसकेकोबताउनुभयो। बजेटको वाक्यांशमा परेका विषय कार्यान्वयन हुनुपर्नेमा उहाँको जोड थियो ।

उद्योग क्षेत्रमा दक्ष जनशक्ति नभएर धेरै विदेशीलाई काम दिनुपरेको अवस्था, अर्कोतिर रोजगारी नपाएर समस्या भएकाले दक्ष जनशक्ति उत्पादनका लागि काम गर्न पनि सांसद आचार्यले सरकारको ध्यानाकर्षण गराउनुभयो । विद्यार्थी नभएर सामुदायिक विद्यालय खाली हुन थालेकाले रोजगारीमूलक शिक्षा दिने व्यवस्था मिलाएर दक्ष जनशक्तिको अभावलाई पूर्ति गर्नुपर्ने उहाँको भनाइ छ । बजेटले पर्यटन क्षेत्रमा सुधार गर्न खोजेकाले त्यसलाई कार्यान्वयन गरेर जानुपर्ने उहाँले बताउनुभयो ।

लघुउद्यमका क्षेत्रमा तालिम दिने, स्टार्टअप पुँजीको व्यवस्था पनि गर्नुपर्नेमा सांसद आचार्यले सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले हाल वार्षिक रूपमा रु डेढ खर्बको एलपी ग्यासको आयात भइरहेकामा विद्युत्बाट त्यसलाई प्रतिस्थापन गर्नेगरी बजेट कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

अवैतनिक वाणिज्य दूतलाई व्यवस्थित रुपमा उद्देश्यअनुरुप परिचालन गर्नुपर्ने सुझाव सांसद आचार्यले दिनुभयो । उहाँले निर्वाचन क्षेत्र रणनीतिक सडकलाई समयमै निर्माण गरेर उदाहरणीय बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । रासस

# 'सङ्घीय निजामती विधेयक आजै प्रतिनिधिसभामा पेस हुन्छ'


काठमाण्डु । प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले बहुप्रतिक्षित सङ्घीय निजामती सेवा विधेयक प्रतिनिधिसभा बैठकमा आजै पेस गर्ने तयारी रहेको बताउनुभएको छ ।

लोक सेवा आयोगको ७५औँ वार्षिकोत्सव एवं हीरक जयन्तीका अवसरमा आज यहाँ आयोजित समारोहमा उहाँले सङ्घीय निजामती सेवा विधेयकसम्बन्धी समितिको प्रतिवेदन संसद् बैठकमा पेस गर्ने जानकारी गराउनुभएको हो ।

सभापति खतिवडाले नेपालमा प्रजातन्त्रको स्थापनासँगै विधिको शासन र योग्यतामा आधारित कर्मचारीको व्यवस्थापन गर्न लोक सेवा आयोगको स्थापना भएको बताउँदै आयोगका कामकारबाही अहिलेका पुस्ताका लागि पनि प्रेरणादायी भएका उल्लेख गर्नुभयो ।

आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले आयोगको इतिहास र कामकारबाहीका बारेमा जानकारी गराउँदै आयोगले योग्यता, निष्पक्षता र स्वच्छतामार्फत कर्मचारी छनोट गर्दै आएको बताउनुभयो । उहाँले आयोगले निजामती कर्मचारीका साथै पछिल्लो समय सुरक्षा निकाय र सङ्गठित संस्थाका लागि भर्ना प्रक्रियाका काम गर्दै आएको भन्दै कार्यक्षेत्राधिकार वृद्धिसँगै आधुनिक प्रविधिको प्रयोगलाई विस्तार गरेको उल्लेख गर्नुभयो ।

आयोगका सदस्य दिनेश सिलवालले धन्यवाद ज्ञापन गर्दै आयोगले आफ्नो विश्वसनीयता सधैँ कायम



राखिराख्न आफ्ना योजना र कामकारबाहीलाई समयानुकूल परिमार्जन गर्दै आएको उल्लेख गर्नुभयो । आयोगका सचिव किरणराज शर्माले स्वागत गर्दै आयोगले योग्यता, निष्पक्षता र स्वच्छतामार्फत जनमानसमा विश्वासको पर्यायवाची बनेको उल्लेख गर्नुभयो । रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन सामान्य राम्रो छ। व्यापारमा गरेको लगानीबाट फाइदा हुनेछ ।
वृष : शिक्षाको क्षेत्रमा भने सोचेको कुरा तत्काल प्राप्त नहुने योग छ ।
मिथुन : परिवारकोसाथमा बसेर रमाइलो गर्ने योग छ। नयाँ लुगा लगाउने अवसर मिल्नेछ।
कर्कट : तपाईको राशिमा चन्द्रमा पुगेका छन् । भूमि सम्बन्धी कारोबारबाट लाभ हुनेछ।
सिंह : असफलतासंगनडराईकाममानिरन्तरता दिनु आवश्यक देखिन्छ। खर्च बढ्नेछ।
कन्या : कृषि सम्बन्धी व्यापारमा लाभ हुनेछ । दुधको व्यापार गर्नु फाइदा हुनेछ ।
तुला : आफ्ना प्रतिस्पर्धीले खुट्टा तान्नेछन् । शिक्षाको क्षेत्रका आलस्यता बढ्नेछ ।
वृश्चिक : आजको निर्णय दीर्घकालिन बन्ने भएकाले निर्णय गर्नु अगाडि सोच्नुपर्नेछ।
धनु : सम्पत्तिलार्य मात्र हेर्दा इज्जत गुम्ने खतरा छ ।
मकर : सञ्चित धन खर्च हुँदा मन अशान्त हुनेछ।
कुम्भ: परिवारबाट अपमानित भएको महसुस हुनेछ ।
मीन : शिक्षाको क्षेत्रामा गरेको प्रयास सफल बन्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश प्रदेश सरकारद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८२/८३को बजेट वक्तव्यको पूर्णपाठ



अर्थमन्त्री सुनिल कुमार यादवले प्रस्तुत गरेको राजस्व र व्ययको अनुमानः

**माननीय सभामुख महोदय,**

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।

२. नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा उच्चतम आदर्शका लागि समय-समयमा भएको जनआन्दोलन, मधेश आन्दोलन, विविध पहिचान र अधिकारका महान् संघर्षहरूमा आफ्नो अमूल्य प्राण आहुति दिनु भएका सम्पूर्ण ज्ञात-अज्ञात वीर शहीदहरूप्रति म हृदयदेखि नै श्रद्धासुमन अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूमा वीरता प्रदर्शन गरी घाइते तथा बेपत्ता हुनु भएका सपुतहरूप्रति पनि म उच्च सम्मान व्यक्त गर्दै गहिरो कृतज्ञता प्रकट गर्न चाहन्छु।

३. मधेश प्रदेश सरकारले मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडिएको वर्ग लगायत सम्पूर्ण सीमान्तकृत समुदायहरूले समानता र न्यायका लागि गरेका गौरवपूर्ण संघर्षहरूप्रति हार्दिक श्रद्धा र उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, समानुपातिक प्रतिनिधित्व, मानव अधिकार तथा सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको महान् ध्येयमा अर्पित त्याग, संघर्ष र बलिदानलाई स्मरण गर्दै, वीर शहीदहरूले देखाएको सपना साकार पार्ने अटुट प्रतिबद्धता व्यक्त गर्दछु।

४. आत्मनिर्भर र समृद्ध मधेश निर्माणको लक्ष्यलाई साकार पार्न, देश र मधेश प्रदेशमा रहेका वर्तमान आर्थिक चुनौतीहरूको सामना गर्दै, कृषि क्षेत्रलाई मधेश प्रदेशको अर्थतन्त्रको मेरुदण्डको रूपमा सशक्त बनाउने दिशामा बजेट लक्षित गरिएको छ। यस सन्दर्भमा, उर्वर कृषि भूमिको उच्चतम उपयोग गर्दै, परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीलाई क्रमशः व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने, निजी तथा सार्वजनिक लगानी अभिवृद्धि गर्दै रोजगारी सिर्जना र उच्च आर्थिक वृद्धि हासिल गर्ने तर्फ बजेट केन्द्रित रहेको छ।

५. संघीय सरकारबाट बेला बखतमा हुँदै आएको राजस्व र अनुदानमा कटौती, सीमित श्रोत साधनको उपलब्धताका बाबजुद विभिन्न समयमा भएका राजनीतिक परिवर्तन र जनताको संघर्ष र त्याग स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा जनतासामु सरकारको उपस्थितिलाई सकारात्मक अनुभुति गराउनु चुनौतिको रुपमा रहेको छ।

६. आगामी आर्थिक वर्षको बजेट युवालाई प्रदेशमै रोजगारी सिर्जनाका साथै आर्थिक गतिविधिमा संलग्न गराउने, तुलनात्मक लाभ बढी भएका उद्योगहरू प्रवर्द्धन गर्ने, उद्यमशीलता विकासमार्फत गरिबी न्यूनीकरण गर्ने तथा सार्वजनिक सम्पत्ति र स्रोतहरूको प्रभावकारी र परिणाममुखी उपयोगमा केन्द्रित गरिएको छ।

७. प्रदेशको आन्तरिक राजस्व लक्ष्य अनुरुप वृद्धि हुन नसकेको, अधिकांश वित्तीय श्रोत अनुदानमा निर्भर रहेको र प्रशासनिक खर्चको आकार बढ्दै गएको वर्तमान अवस्थामा, सीमित स्रोत-साधनको उपलब्धताका कारण जनताको माग र चाहना सम्बोधन गर्नु हाम्रो लागि ठूलो चुनौती रहेको छ।

८. प्रदेशको आन्तरिक आयको हिस्सा बढाउने र सार्वजनिक वित्तलाई सन्तुलनमा राख्ने चुनौतीको सन्दर्भमा, प्रदेश सरकारले अनुत्पादक क्षेत्रका फजुल खर्च नियन्त्रण गर्ने तथा अनुदानलगायत शीर्षकहरूलाई उत्पादनमुखी क्षेत्रमा परिचालन गर्ने नीति अपनाएको छ।

९. प्रदेश सरकारको विनियोजन दक्षता अभिवृद्धि गर्दै योजना तर्जुमा चरणहरूलाई व्यवस्थित बनाउँदै पुँजीगत खर्च बढाउनु सरकारका लागि चुनौती बनेको छ। यसलाई व्यवस्थित गर्न साना योजनाको माग र चाप कम गर्न स्पष्ट मापदण्ड तय गरि कार्यान्वयन गरिने छ।

१०. प्रदेश सरकारको उद्देश्य तथा लक्ष्य प्राप्तिको लागि सार्वजनिक प्रशासनलाई मितव्ययी, नतिजामुखी, सरल, पारदर्शी बनाई सुशासनको प्रत्याभुति दिलाई जनतासामु प्रदेश सरकारको सकरात्मक उपस्थितिको अनुभुति दिलाउन चुनौती रहेको छ।

**माननीय सभामुख महोदय,**

अब म मधेश प्रदेशको विधमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्न अनुमति चाहन्छु।

११. आर्थिक वर्ष २०८१।८२ मा राज्यको प्रचलित भुक्तानीको कुल गार्हस्थ उत्पादन मध्ये मधेश प्रदेशको योगदान रु ८ खर्व ०४ अर्व १५ करोड ३० लाख रहेको छ, जुन कुल गार्हस्थ उत्पादनको १३.१६ प्रतिशत हुन आउछ।

१२. प्रदेशको कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५२.६१ प्रतिशत रहेको छ तथा कृषि र उद्योग क्षेत्रको योगदान क्रमश ३६.७ र १०.७० प्रतिशत रहेको छ।

१३. आर्थिक वर्ष २०८१।८२ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ९३२ अमेरिकी डलर रहने अनुमान छ जुन गत आर्थिक वर्षको तुलनामा बढी रहेको छ।

१४. आ.व. २०८१।८२ मा मधेश प्रदेशको आर्थिक वृद्बिदर राष्ट्रिय औषत आर्थिक वृद्बिदर ४.६१ प्रतिशतभन्दा तल ४.५ रहेको छ जुन आ.व ०८०/८१ भन्दा ०.७४ प्रतिशतले बढी हो।

१५. मधेश प्रदेशमा विगत ७ वर्षको कुल बजेटको औषत ४३.५८ प्रतिशत चालु खर्च तथा ५६.४२ प्रतिशत पुँजिगत खर्चको लागि विनियोजन भएको देखिन्छ।

१६. आ.व. २०८१।८२ मा मधेश प्रदेश सरकारको कुल खर्च रु ३२ अर्ब ११ करोड १६ लाख ३० हजार अर्थात कुल विनियोजनको ७३.१६ प्रतिशत हुने संशोधित अनुमान छ। कुल सरकारी खर्च मध्ये चालु खर्च रु १२ अर्ब ९ करोड ८ लाख ६२ हजार र पुँजिगत खर्च रु २० अर्ब २ करोड ७ लाख ६८ हजार खर्च हुने संशोधित अनुमान छ।

१७. चालु आ.व २०८१।८२ मा कर राजस्व बाट रु १३ अर्ब ५२ करोड ९० लाख १ हजार, अनुदानबाट रु ११ अर्ब ३५ करोड ७० लाख अन्य राजस्वबाट रु १ अर्ब १७ करोड ४१ लाख ५१ हजार तथा विविध प्राप्ति बाट रु ८ करोड ४२ लाख ४२ हजार संकलन हुने अनुमान छ। त्यसैगरी आन्तरिक ऋण बाट रु २ अर्ब संकलन हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

अब म बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको बारेमा चर्चा गर्न गईरहेको छु।

१८. संघीय सरकारप्रतिको निर्भरता घटाउन कृषि, पर्यटन र कृषिमा आधारित उद्योगमा लगानी, कृषि आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जना गर्दै मधेश प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, समृद्ध र सशक्त बनाउन उपलब्ध श्रोत साधनको अधिकतम उपयोगमा बजेट केन्द्रित हुनेछ।

१९. बजेट तर्जुमा गर्दा स्वीकृत बजेट क्यालेण्डरको पूर्ण रुपमा पालना गरी आर्थिक वर्षको अन्त्यमा हुने पुँजीगत खर्चको चापलाई न्यूनीकरण गर्न कार्यान्वयन योग्य एवं उच्च प्रतिफल र लाभ हुने योजनाहरुको छनौट गरी कार्यान्वयन तालिका बमोजिम नै बजेट खर्च हुने व्यवस्था मिलाएको छु।

२०. विकास निर्माणको प्रकृयामा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो एवं न्यायोचित उपयोग गर्दै प्राकृतिक श्रोत साधनको दोहनलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनले पारेका नकरात्मक असरहरुलाई न्यूनीकरण गर्न आगामी आर्थिक वर्षको बजेट निर्देशित छ।

२१. लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साँझेदारी मार्फत विकास निर्माणका कार्यहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी प्रदेशमा नै रोजगारीको अवसरहरु सिर्जना गर्ने तर्फ बजेट उन्मुख छ।

२२. सन्तुलित विकासको अवधारणालाई अत्मसात गर्दै समाजमा रहेका विभेद, असमानता र बञ्चितिकरणको अन्त्य गर्न प्रादेशिक श्रोत साधनको न्यायोचित वितरण गरी लगानी तथा विकासको प्रतिफल सम्पूर्ण जात, वर्ग समुदायलाई समान रुपले उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्न बजेट लक्षित हुने छ।

२३. दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्न प्रादेशिक तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा योजनाहरुको छनौट गरी कार्यन्वयनमा दिगो विकासका लक्षहरुलाई हासिल गरिने छ।

२४. वित्तीय संघीयतालाई गतिशील बनाउन तथा कार्यक्षेत्रमा दोहोरोपना हुन नदिन तीनै तहको सरकारबीच समन्वय र सहकार्यलाई बढावा दिई बजेट प्रणालीमा क्रमिक सुधार गर्दै लगिने छ।

२५. खाद्य सुरक्षासहित कृषि उत्पादनमा आत्मनिर्भरता प्राप्त गर्न कृषि यान्त्रिकीकरण, विद्युतीकरण तथा व्यावसायीकरण मार्फत उत्पादनशील क्षेत्रलाई प्रोत्साहन दिन सरल कर्जा, बीउ पूँजी, मल र बजार सुविधा प्रदान गर्दै कृषि सडक र पशुपन्छी नश्ल सुधारलाई बजेटको प्राथमिकतामा राखिएको छ।

२६. स्वास्थ्य सेवा व्यवस्थित, गुणस्तरीय र सुदृढ बनाउन प्रादेशिक स्वस्थ्य संस्थाहरूको स्तरीकरण, पूर्वाधार स्तरोन्नति, दक्ष जनशक्ति र उपकरण व्यवस्थापनमा प्राथमिकता दिईएको छ।

२७. आयोजना बैंकमा समावेश भएका उच्च प्रतिफल तथा उपलब्धि दिने पूर्वाधार विकासका ठूला आयोजनाहरुलाई छनौट गरि कार्यन्वयनमा जोड दिईएको छ।

२८. रोजगारी सिर्जनाको आधारका रूपमा पर्यटन क्षेत्रको विकास गर्न तीनै तहका सरकारबीच समन्वय गर्दै पर्यटन पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ।

२९. ऊर्जा संकट न्यूनीकरण तथा शहरीकरणका कारण घट्दो भू-जल स्तरलाई ध्यानमा राखी आगामी आर्थिक वर्षको बजेटले भूमिगत पानी पुनर्भरणलाई प्राथमिकतामा राखिएको छ।

३०. मधेश प्रदेशमा वर्षेनी विपदको कारणले हुने गरेको जनधनको क्षती न्यूनीकरणका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय कायम गरी विपद जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि बजेटमा प्रथमिकता दिएको छु।

३१. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र जनमुखी बनाइ विद्यमान कमी कमजोरीहरुलाई सुधार गर्न सरकारी संगठनको व्यवस्थापन समीक्षा गर्दै जनशक्ति विकासका कार्यहरुलाई प्रथमिकिकरण गरी सूचना प्रविधिको प्रयोगले सेवा सरल, मितव्ययी र सेवाग्राहीमैत्री बनाइ परिणामअनुसार सुधार गर्न बजेट केन्द्रित छ।

**माननीय सभामुख महोदय**

अब म नेपालको संविधानको धारा ६० मा व्यवस्था भए बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु।

३२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा स्थानीय तहको लागि वित्तीय समानिकरण अनुदानतर्फ रु.१ अर्ब १० करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

३३. शिक्षा, स्वास्थ्य, खानेपानी, शहिद परिवार लक्षित विशेष कार्यक्रमहरु लगायतका क्षेत्रहरुमा स्थानीय तहले खर्च गर्ने गरी विशेष अनुदान तर्फ रु. ३८ करोड १० लाख विनियोजन गरेको छु

३४. प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७८ ले निर्धारण गरे बमोजिमका क्षेत्रहरुमा स्थानीय तहले योजना कार्यान्वयन गर्न समपुरक अनुदान तर्फ रु. ३८ करोड १० लाख विनियोजन गरेको छु।

३५. स्थानीय तहहरुलाई सशर्त अनुदान तर्फ रु १ अर्ब २२ करोड ५ लाख विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु।

**भुमि व्यवस्था, कृषि तथा सहकारी**

३६. कृषि प्रसार सेवाको पहुँच बढाउन “किसानको वारी स्वयंसेविकाको छहारी ” सोचलाई सार्थक तुल्याउन प्रदेशका सबै वडाहरुमा महिला कृषि स्वयमंसेविका परिचालन कार्यक्रमको निरन्तरताको लागि आवश्यक रकम विनियोजन गरेको छु।

३७. कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि सिंचित क्षेत्र विकास एवम् विस्तारका गर्न सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोगको लागि यथेष्ट रकमको व्यवस्था मिलाएको छु।

३८. कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि सिंचित क्षेत्र विकास एवम् विस्तारका गर्न सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोगको लागि यथेष्ट रकमको व्यवस्था मिलाएको छु।

३९. भूमिगत सिंचाई क्षेत्र बिस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि विद्युतीकरण कार्यक्रमलाई बहुवर्षिय आयोजनाको रुपमा निरन्तरता दिनको लागि रु. २६ करोड विनियोजन गरको छु।

४०. “कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार“ भन्ने अभियानलाई निरन्तरता दिँदै प्रदेश भित्रका माटोको उर्वरता सुधारको लागि आवश्यक रकम विनियोजन गरेको छु।

४१. “फिड द नेशन“ अभियानलाई मुर्त रुप दिन तथा धान वालीको उत्पादन एवम् उत्पादकत्व बढाउन दुई धानवाली प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४२. मूल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल प्रबर्द्धनका लागि आवश्यक विनियोजन गरेको छु।

४३. कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरि कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी बनाउन कृषि यन्त्र उपकरण प्रबर्द्धन सहयोग कार्यक्रमा आवश्यक रकम विनियोजन गरेको छु।

४४. कृषिमा विषादिको प्रयोगलाई निरुत्साहित गर्न र आधुनिक कृषि प्रविधिको अनुसरण बढाउन कृषक पाठशाला सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

४५. व्यवसायिक एवम् दिगो कृषि तथा कृषि व्यवसायको विकासका लागि कृषि व्यवसायमा संग्लन रहेका र हुन चाहने कृषक, कृषि उद्यमी, कृषि प्रावधिक तथा कृषि मूल्य श्रृंखलामा आवद्ध अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४६. हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्‍याउन स्वरोजगारमूलक विशेष कार्यक्रमको रकम विनियोजन गरेको छु

४७. पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परीक्षण, रोग निदान, उपचार लगायत विशिष्टिकृत पशु चिकित्सा सेवा प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु।

४८. पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरु नियन्त्रण गर्दै पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि पशुहरुमा पूर्ण खोप अभियान सहितको कार्यक्रमको लागि आवश्यक रकम विनियिजन गरेको छु।

४९. पशुहरुमा कृत्रिम गर्भाधानको माध्यमबाट पशु नश्ल सुधार गर्न सामुदायिक कृत्रिम गर्भधारण कर्ताको लागि तालिम तथा लजिष्टिक सपोर्टको लागि आवश्यक रकम विनियोजन गरेको छु।

५०. मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुऱ्याउन पोखरी भित्र रेसवे प्रणालीमा मत्स्य पालन, नँया मत्स्य पोखरी निर्माण, मत्स्य उत्पादन बृद्धि कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु।

५१. निर्यात प्रबर्द्धनका लागि मासु उत्पादन कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु।

५२. मखान खेतीको विकास तथा बिस्तार गरी प्रशोधन, प्याकेजिङ्ग, लेबिलिङ्ग तथा ब्राण्डिङ्गका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५३. रैथाने बाली(ओल, सोहिजन, कोदो) प्रवर्द्धन, संरक्षण, विकास र विस्तार गर्ने कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५४. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तर्फ रु २ अर्ब ८३ करोड विनियोजन गरेको छु।

**वन तथा वातावरण**

**माननीय सभामुख महोदय,**

५५. उपल्लो र तल्लो तटीय क्षेत्रको समन्वयमा “चुरे जोगाउ, मधेश बचाउ“ अभियानलाई मूर्तरूप दिन जलचक्र सन्तुलनका लागि एकीकृत जलाधार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५६. सिमसार संरक्षण, पानी पुनर्भरण र शहरी जल व्यवस्थापनमार्फत सांस्कृतिक नदीनालाहरूको प्राकृतिक बहाव पुनर्स्थापना तथा स्वच्छता प्रवर्द्धन गर्न जलाधार संरक्षण कार्यक्रमहरुका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

५७. चुरे क्षेत्रको मरुभूमीकरण रोक्न नदीजन्य पदार्थको वातावरणमैत्री उत्खनन, प्रशोधन तथा निर्यातमार्फत आम्दानी वृद्धि गर्न सरोकारवालासँग नीति संवाद गर्ने तथा वन्यजन्तु द्वन्द्व, बाढी, पहिरो तथा जलवायुजन्य विपद्का पीडितलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

५८. कार्बन सञ्चय प्रवर्द्धन गर्न खाली सार्वजनिक स्थान, सडक किनार, विद्यालय तथा अस्पताल क्षेत्रमा वृक्षारोपण गरी हरियाली विस्तार गर्न र हरित मधेश अभियानलाई मुर्त रुप दिन आवश्यक बजेट विनियोजन गरेको छु।

५९. निजी नर्सरीहरुलाई बिरुवा उत्पादन तथा वितरणमा प्रोत्साहित गरी वृक्षारोपण अभियानलाई प्रभावकारी बनाउँदै एक व्यक्ति एक बिरुवा अभियानलाई निरन्तरता दिन आवश्यक प्रचार प्रसारलाई समेत यथेष्ट बजेट विनियोजन गरेको छु।

६०. निजी, सार्वजनिक र राष्ट्रिय वनको दिगो व्यवस्थापन मार्फत रोजगारी सिर्जना गर्दै जैविक मलको प्रयोगमा आधारित वृक्षारोपण र नर्सरी प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।

६१. समृद्धिका लागि वन कार्यक्रम मार्फत वनजन्य उद्यमशीलताको विकास गर्दै आय आर्जनका अवसरहरु सिर्जना गर्दै वन क्षेत्रबाट उल्लेखनीय रोजगारीका अवसरहरु सिर्जना गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।

६२. रैथाने तथा लोपन्मोख वनस्पतिको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गरी जैविक विविधतामा महत्वपूर्ण वन सिमसार लगायत अन्य हटस्पट क्षेत्रको व्यवस्थापन गरी रोजगारी सिर्जनाका लागि मधेश वनस्पति र प्राणी उद्यान निर्माणको लागि बजेट विनियोजन गरेको छु।

६३. मानव तथा वन्यजन्तु सहअस्तित्व सुनिश्चित गर्न जैविक मार्गको व्यवस्थापन र क्षती न्यूनीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६४. वन तथा वातावरण मन्त्रालय तर्फ रु २ अर्ब ३७ करोड ५६ लाख ३८ हजार विनियोजन गरेको छु।

**श्रम तथा यातायात**

**माननीय सभामुख महोदय,**

६५. रोजगारको सिलसिलामा विदेशमा ज्यान गुमाएका मधेश प्रदेशका श्रमिकहरुको मृत शरीर छिटो छरितो नेपाल ल्याउन संघीय सरकार तथा सरोकारवाला निकायहरसँग समन्वय गरि मृत शरीर नेपाल भित्रिएपछि विमानस्थलबाट मृत व्यक्तिको घर सम्म पुऱ्याउन निःशुल्क सेवा दिने गरी व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु।

६६. मधेश प्रदेशका १३६ वटै स्थानीय तह सँग समन्वय गरी बाल श्रम मुक्त मधेश कार्यक्रम संचालन गरि बालबालिकाहरुको श्रममा हुने शोषणलाई न्यूनीकरण गर्नका लागि जनचेतनामूलक कार्यक्रमहरुको संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६७. “हात हातमा सवारी, घर घरमा रोजगारी” भन्ने मुल नाराका साथ मुख्यमन्त्री स्वरोजगार कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६८. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई प्रदेशमा स्वरोजगारको अवसर प्रदान गर्नका लागि आर्थिक/वस्तुगत/प्रविधिक सहयोग सहितको स्वरोजगार कार्यक्रम संचालन गरिनेछ। साथै बैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसंग भएका सीपलाई सदुपयोग गरी स्वदेशमै आय आर्जनको बाटो खुलाउन सीप विकास तालिम, प्रविधि सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ तथा प्रदेश भित्रका स्थानीय तहहरुवाट बैदेशिक रोजगारीमा जाने र फर्केका कामदारहरुको तथ्याङ्क संकलन तथा सोको डिजिटल व्यवस्थापन गरिने प्रबन्ध मिलाउनेछु।

६९. प्रदेशमा रहेको जनसांख्यिक लाभान्स उपयोग गरी स्वदेश तथा विदेशमा समेत रोजगारीको अवसर प्राप्त गर्न सक्षम बनाउन, आबश्यक नीतिगत, कानुनी, संस्थागत व्यवस्था सहितको प्रशिक्षण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।

७०. प्रदेश भित्रका वेरोजगार युवाहरुलाई रोजगार वा स्वरोजगारका अवसर प्रदान गर्नका लागि सि.एम. रोजगार कार्यक्रम सञ्चालन गरिनेछ। बैदेशिक रोजगारी माथिको निर्भता न्यूनीकरण गर्नका लागि प्रदेश भित्रको युवाहरुकालागि आर्थिक/वस्तुगत/ प्राविधिक अनुदान सहितको स्टार्टअप सहयोग कार्यक्रम सञ्चालन बजेट विनियोजन गरेको छु।

७१. बैदेशिक रोजगारीमा जाने कामदारहरुलाई ठगिमा पर्नवाट संरक्षण गर्न सूचना/परामर्श सचेतनामूलक सेवा प्रदान गरिनेछ र विदेश जाने कामदारलाई माग अनुसारका सिप तालिमको व्यवस्था गरिनेछ। बैदेशिक रोजगारमा जाने एवं फर्केका कामदार र तिनका परिवारजनका लागि कल्याणकारी आर्थिक तथा वस्तुगत सहायता प्रदान गर्न बजेट विनियोजन गरेको छु।

७२. १३६ वटै स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्रहरुको क्षमता विकास गरी सघन सहकार्य निर्माण सम्बन्धी कार्यहरु गरिनेछ। प्रदेश भित्रका रोजगार क्षेत्रमा देखिएका मनो सामाजिक समस्याहरु न्यूनीकरण गर्न मनोपरामर्श सेवा कर्मिहरुको प्रवर्धन गरिनेछ तथा स्थानीय तहको माँगको अधारमा मन्त्रालय स्वयमको अगुवाइमा स्थानीय तहमा स्वयं सीप बिकास तालिमको संचालन र ब्यवस्थापन गर्न बजेट विनियोजन गरेको छु।

७३. प्रदेश भित्रका समग्र श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्नका लागि श्रम तथा रोजगार ऐन तर्जुमाको पहल गरिनेछ। विप्रेषणको उत्पादनमूलक प्रयोगका लागि वित्तीय साक्षरता, उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्य गर्ने नीति लिनेछ र सीप बिकास तालिम लिएका बाट उत्पादित सामाग्रिहरुको बिक्री बितरणका लागी स्थानीय स्तर,प्रदेश स्तरमा कोशेलि घर संचालन, ब्यवस्थापन र प्रबर्द्धन गर्ने गरी प्रदेशमा आइरहेको विप्रेषणलाई आकर्षित हुनेगरी मधेश प्रदेश सुहाउदो साझा लगानीका क्षेत्रहरुको पहिचान गरिनेछ।

७४. वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरुलाई संगठित गर्दै सहकारी प्रवर्द्धन एवं आप्रवासी बजार प्रवर्द्धन सम्बन्धी कार्यहरु गरि बैदेशिक रोजगारी संग सम्बन्धित परियोजना तथा कार्यक्रमहरु अन्य पालिकाहरुमा थप गर्न प्रदेशबाट पहल गरिनुका साथै बजेट विनियोजन गरेको छु।

७५. मधेशलाई बेरोजगार मुक्त प्रदेश वनाउन श्रम सम्बद्ध क्षेत्रहरुको राय सुझाव लिई प्रदेश सरकारलाई परामर्श उपलब्ध गराउन श्रम सल्लाहकार परिषदलाई सक्रिय वनाइनेछ।प्रदेश स्तरीय सीप विकास तालिम केन्द्र निर्माण गरी लक्षित वर्गलाई तालिम प्रदान गर्ने कार्य अगाडी वढाउन बजेट विनियोजन गरेको छु।

७६. श्रमिकहरुलाई आवासको सुविधा दिन थप चार जिल्लामा श्रमिक विश्राम गृह निर्माण गर्न बजेट विनियोजन गरेको छु।

७७. विद्युतीय सवारी साधन खरीद गरी प्रयोग गर्न प्रोत्साहन दिन विभिन्न स्थानमा ईलेक्ट्रिक भेईकल चार्जिङ्ग स्टेशन निर्माण गर्न वजेट विनियोजन गरेको छु।

७८. मधेश प्रदेशमा रहेका यातायात कार्यालयहरुबाट हुने कार्यहरु तथा ट्राफिक नियम सम्बन्धी जानकारी गराउन स्थानीय तहहरु संग समन्वय गरिनेछ।

७९. मधेश प्रदेश अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालयहरुको कार्य सम्पादन ,सेवा प्रवाह हाइली डिजिटाईज टोकन सिस्टम, क्याश लेस, पेपर लेस, एस एम एस, एम एम एस, भ्वाईस मेसेज, भेईकल रेजिष्ट्रेशन सिष्टम लागु गर्न बजेट विनियोजन गरेको छु।

८०. सवारी साधन आयातका लागि मधेश प्रदेशको नाका हुदै आयात गर्दा विशेष सुविधा उपलब्ध गराउन पहल गरिने छ।

८१. मधेश प्रदेश अन्तर्गत रहेका सबै यातायात व्यवस्था कार्यालयहरुमा सवारी चालक अनुमति पत्रमा हुने गरेको अनियमितता हुन नदिनको लागि अटोमेटिक ट्रायल सेन्टर जडान गर्नको लागि संघीय सरकारसँग समन्वय गरी स्थापनाको लागि प्रक्रिया अगाडि बढाईनेछ।

८२. मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने राजस्वमा लक्ष्य तोकी लक्ष्य भन्दा बढी राजस्व संकलन गर्ने कार्यालयलाई प्रोत्साहन उपलब्ध गराईनेछ। यातायात क्षेत्रको संरचनागत तथा कार्य प्रणालीगत सुधार अन्तर्गत मधेश प्रदेशका सबै जिल्लाहरुमा नवीनत्तम प्रविधि जडित उपकरण सहित यातायात कार्यालयहरुको आफ्नो भवन निर्माण गरी संचालनमा ल्याईनेछ।

८३. पूर्वपश्चिम राजमार्गका विभिन्न स्थानमा यात्रीहरुको लागि रिफ्रेश सेन्टर निर्माण कार्यको लागि मधेश प्रदेश सरकारले स्थानीय तहहरुसँग समन्वय गरी प्रक्रिया अगाडी बढाईनेछ र हुलाकी राजमार्गमा यात्रीहरुलाई मध्यनजर गर्दैं सार्वजनिक यातायात संचालनका निमित्ति यातायात व्यवसायीहरु सँग समन्वय गरी प्रक्रिया अगाडि बढाईनेछ।

८४. यस प्रदेशस्थित सबै यातायात व्यवस्था कार्यालयहरुमा सेवाग्राहीहरुलाई छिटोछरितो सेवा पुर्याउने उदेश्यले मधेश प्रदेश बाटै कार्ड प्रिन्ट हुने गरी प्रक्रिया अगाडी बढाउन बजेट विनियोजन गरेको छु।

८५. सेवा सुविधा सम्पन्न सहितको यात्री प्रतिक्षालय निर्माण गर्न बजेट विनियोजन गरेको छु।

८६. श्रम तथा यातायात मन्त्रालय तर्फ तर्फ रु ५७ करोड १४ लाख ५० हजार विनियोजन गरेको छु।

**उधोग,वाणिज्य तथा पर्यटन**

**माननीय सभामुख महोदय,**

८७. मधेश प्रदेशको राजधानीलाई पर्यटन मैत्री तथा पर्यटकहरुलाई मिथिला संस्कृतिको मौलिकता अनुभुत हुनेगरी आवश्यक पूर्वाधार निर्माण मार्फत सौन्दर्यीकरण गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. जानकी मन्दिरलाई मधेश प्रदेशकै प्रमुख धार्मिक गन्तव्य स्थलको रुपमा विकास गर्दै मन्दिर परिसरमा आवश्यक पर्यटन पूर्वाधार व्यस्थापन कार्य तथा भारतको अयोध्या नगरीमा अवस्थित श्रीराम जन्म भूमिलाई दर्शन गर्न आउने पर्यटकहरुलाई जानकी मन्दिरमा समेत दर्शनको लागि प्रोत्साहन गर्न जनकपुरधाम नगरी तथा सिता जन्मभूमि जानकी मन्दिर प्रचारप्रसारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८९. सम्रग मधेश प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुका साथै सिता जन्मभूमि जनकपुरधामलाई “भिजिट मधेश“ भन्ने मुल आश्यका साथ भारत लगायत अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९०. जनकपुरधाममा धार्मिक र साँस्कृतिक झल्को दिने गरी ढल्केवर देखि जटही तथा जिरोमाइलबाट भिठ्ठामोड जाने बाटोको ठाँउ ठाँउमा दुवै पट्टी वाल संरचना निर्माण तथा मिथिला आर्टवर्क कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९१. माता जानकीको विवाहस्थल जनकपुरलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय विवाह केन्द्रको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९२. मधेश प्रदेशमा लगानी प्रबर्द्धन गर्न र देश तथा विदेशमा रहेका नेपाली तथा विदेशीलाई आकर्षित गर्न आगामी आ.व. २०८२/०८३ मा मधेश लगानी सम्मेलन, डायस्पोरा समिट र ट्राभेल समिटको आयोजनाका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९३. उद्योग, व्यवसाय तथा किसानका लागि ीयबल-ऋबचम व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९४. मधेश प्रदेशमा युरिया सहित रासायनिक मलखाद उद्योगको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

९५. मधेश प्रदेशमा कृषि उद्योग, व्यापार,पर्यटनलगायतका क्षेत्रहरुसँग सम्बन्धित आन्तरिक रुपमा उत्पादन हुने वस्तु तथा सेवाको प्रचार-प्रसार एंव प्रवर्द्धनको लागि प्रदेशस्तरीय औद्योगिक मेला आयोजनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९६. मधेश प्रदेशको कला, साहित्य, संस्कृति, जीवनपद्धति, ईतिहासलयायतका विययहरुको झल्को दिनेगरी महोत्तरी जिल्लामा मधेश संस्कृति ग्राम निर्माण कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९७. ऐतिहासिक सिम्रोनगढ दरबारको संरक्षण तथा प्रर्वद्धन कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९८. भारतबाट नेपाल भित्रिने पर्यटकहरुको लागि मुख्य प्रवेश बिन्दु(भन्सार) मा नै मधेश प्रदेशको पर्यटक गन्तव्य लयायत पर्यटनसँग सम्बन्धित सूचना प्रवाह तथा सम्प्रेषणको लागि सूचना केन्द्रको स्थापना र पर्यटन विश्रामस्थल निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९९. उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय तर्फ रु. ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार विनियोजन गरेको छु।

**गृह तथा सञ्चार**

**माननीय सभामुख महोदय,**

१००. विद्यार्थिहरुलाई विद्यालयमा नै कानुनको महत्व तथा ज्ञान अभिवृद्धि गर्न विद्यालयस्तरमा कानुनी शिक्षा सचेतना कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०१. प्रदेशमा रहेका युवाहरुलाई असल एवं सभ्य नागरिकको रुपमा राज्यप्रतिको कर्तव्य र दायित्व निर्वाह गर्न तथा युवाहरु दुर्व्यसनमुक्त गर्न लागुऔषध दुर्व्यसनमुक्त युवा अभियान संचालन गर्न ७० लाख बजेट विनियोजन गरेको छु।

१०२. प्रदेशमा रहेका जिल्ला प्रहरी कार्यालय अन्तर्गतका ईलाका प्रहरी, प्रहरी चौकी लगायत शान्ती सुरक्षासँग सम्बन्धीत निकायहरुको भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरुको निर्माणको लागि बजेट विनियोजन गरेको छु।

१०३. गृह तथा सञ्चार मन्त्रालय तर्फ रु. ६४ करोड ८९ लाख ९७ हजार विनियोजन गरेको छु।

**शिक्षा तथा संस्कृति**

**माननीय सभामुख महोदय,**


१०४. मधेश प्रदेश अन्तर्गत रहेका विद्यालयहरुको क्षमता अभिबृद्धि गर्दै विद्यालयहरुमा शिक्षकको व्यवस्थापन गर्न स्वयंसेवक शिक्षक कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु।

१०५. सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक विद्यालयहरुलाई सशर्त चालु अनुदान लगायत पुस्तकालय तथा विज्ञान शिक्षामा सुदृढीकरण गर्न विज्ञान प्रयोगशाला स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०६. विद्यालयहरुलाई क्ष्क्तत प्रविधिमैत्री बनाउन स्मार्टबोर्ड तथा ई-लाईब्रेरी स्थापना गर्ने कार्यको लागि बजेट विनियोजन गरेको छु।

१०७. प्रदेश अन्तर्गत आठवटा जिल्लाहरुमा रहेका विद्यालयहरुको संरचनात्मक सुधार गर्नको लागि आवश्यक भौतिक पूर्वाधार संरचनाहरु निर्माणको लागि बजेट विनियोजन गरेको छु।

(बाँकी पृष्ठ ५ मा)




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अवसरवादको राजनीति

राजनीतिक परिवर्तनसंगै मुलुकमा आएको परिवर्तनले विभिन्न क्षेत्रमा उथलपुथल ल्याएको छ । जसको परिणाम प्रस्ट रुपमा अहिलेको संविधान अनुसारको कानुनले दिएको अधिकारबाट पनि पुष्टि हुन्छ । यसले विभिन्न क्षेत्रका समुदाय, लिंग, जातजाति, सिमान्तकृत, गरिब, निमुखा वर्गलगायतका विभिन्न क्षेत्रका अगुवाहरुले अहिलेको संविधानको फाइदा उठाउँदै अवसर लिनेहरुको समेत होड नै चलेको छ । प्रायः हरेक राजनीतिक दलमा रहेका महिला, दलित, सिमान्तकृत, शीर्षनेतृत्वका आफन्तजन, नातागोता र अघिपछि गर्ने केही झुण्डका अगुवाहरुले मनग्यरुपमा अवसर पाउने गरेका छन् । यो सबै पार्टीमा देखिएको एक उदाहरण हो । जसले गर्दा वास्तविकरुपमा पाउनुपर्ने अवसर नपाइ हरेक राज्य व्यवस्थामा खादैँपिउँदै आएका व्यक्ति, समूहले विभिन्न रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा पनि अवसरको आनन्द लिँदै गर्दा वास्तविक पीडित, संघर्षशील, उत्पिडित वर्ग, सिमान्तकृत वर्ग, दलित र गरिबहरु अझै पनि पुरानै राज्यसंयन्त्र झैँ अझै पनि पीडा र संघर्षबाटै गुज्रिनु पर्दा उनीहरु अहिले निरीह नै भएका छन् । उनीहरु अझै पनि संघर्ष जारी रहेको बताउने गरेका छन् । यसको उदाहरण हो, वैदेशिक रोजगारीमा गएका हजारौँ संख्याका युवा । त्यस्तै किसान र मजदुर वर्गहरुसमेत यसको चपेटमा परेका छन् । जसले हरेक संघर्ष र आन्दोलनको अगुवाको रुपमा अग्रणी भूमिका रहेर आफ्नो दायित्व र कर्तव्यबोध गरे । तर राज्यले भने वैदेशिक रोजगारीमा रहेकाहरुको दिनहुँ कफिन आउँदा समेत रमिते हुँदै शव गणना गर्ने बाहेक कुनै काम गर्न सकिरहेका छैनन् । तर राजनीतिको मूलधारमा रहेर राजनीति गर्ने शीर्षनेतृत्वले किसान, मजदुर र विद्यार्थी, सिमान्तकृत, उत्पिडितलगायतका विभिन्न वर्ग समुदायको नाममा कठोर संघर्ष गरे पनि तिनीहरुको रक्तरञ्जितको भने कुनै मुल्य नै छैन र भएन । विगतमा भएको प्रजातान्त्रिक आन्दोलनको क्रममा तत्कालीन कांग्रेसले गठन गरेको जनमुक्ति सेनाको बलमा आन्दोलन सफल हुँदै गर्दा आन्दोलन नै तुहाए । र त्यसपछि उनीहरुलाई चौकीदार सरह व्यवहार गरी आन्दोलनको कठिन मोडमा रमिते नै बनाए । त्यस्तै तत्कालीन माओवादी आन्दोलनमा समेत जनयुद्धको नाममा युवा, महिला र पिछडिएका उत्पीडित वर्गको अधिकारको नाममा आन्दोलन सफल हुनै लाग्दा सो आन्दोलन जुनसुकै नाम तुहाए पनि सोको श्रेय ती वर्ग समुदायले नपाएर केही मुठिभरका शीर्षनेताले कयान्टोमेन्टको रकमसमेत अनियमितता भएको आरोप ती नै समुदायले लगाए पनि अहिलेसम्म सोको बारेमा कसैले न्याय दिलाउन नसके पनि सम्पूर्ण आन्दोलनको परिणामबाट राज्य व्यवस्था सफलीभूत भए पनि व्यवहारिक रुपमा आमजनले समेत अनुभूति गर्न सकेका छैनन् । तसर्थ राज्य व्यवस्थाको नीति निर्माणमा रहेर राजनीति गर्ने शीर्ष नेतृत्वले यी सबै विषय र हरेक वर्गको मुद्दाको उत्थान र निरुपणका लागि गम्भीर हुनु आवश्यक रहेको छ ।

# आरोग्य पर्यटनः नेपालको गन्तव्य



एलपी भानु शर्मा

अहिले संसारमा आरोग्य उद्योग अत्यन्तै फस्टाएको छ । शरीर स्वस्थ राख्ने उपायका बारेमा लेखिएका पुस्तक, शारीरिक व्यायामका उपकरणहरू, विभिन्न प्रकारका सौन्दर्य प्रसाधन, विभिन्न प्रकारका अतिरिक्त पौष्टिक तत्व तथा शारीरिक व्यायाम सिकाउने कक्षा सबै आरोग्य उद्योगका अङ्ग हुन्, जसमा संसारभरिका मानिस खर्बौं डलर खर्च गर्न तत्पर छन् । तर वास्तविक आरोग्यका लागि मनको सुख, मनको आनन्द, अनि शरीर र मस्तिष्कको स्वस्थता र आनन्द आवश्यक पर्दछ, जुन इन्द्रीयको प्रयोगका साथै योग र ध्यानबाट मात्र प्राप्त हुन्छ ।

नेपाल ध्यानको उद्गम बिन्दु हो । योगको आविष्कार पनि हाम्रै वरिपरि भएको हो । वैदिककालमै हाम्रा ऋषिमुनिहरूले योग र ध्यानको आविष्कार गरेका थिए । योग, ध्यान, हाम्रो प्रकृति, संस्कृति, व्यवहार, उत्पादन, जडीबुटीलगायत वन पैदावार र जैविक विविधता सबै आरोग्य प्राप्तिका लागि सहायक तत्व हुन् । जसलाई एउटै शृङ्खलामा आबद्ध गरी आरोग्य पर्यटनको विकास र प्रवर्द्धन गर्न सक्दछौँ र नेपाल आरोग्य पर्यटनका लागि नमुना मुलुक हो भनेर संसारलाई चिनाउन सक्दछौँ । त्यसैले हामीले हाम्रो पर्यटनको ब्राण्डिङ गर्नुपर्ने मूल तत्व हो-आरोग्य । नेपालमा उपलब्ध सम्पूर्ण स्रोत र साधनलाई आरोग्यतर्फ लक्षित गरी आरोग्य पर्यटनका लागि नेपाल विश्वको अग्रणी मुलुक हो भनेर स्थापित गर्न सक्नुपर्दछ ।

प्रत्येक मानिस आरोगी वा स्वस्थ हुन चाहन्छ । सामान्य अर्थमा आरोग्य भन्नाले कुनै किसिमको रोग नभएको र आन्तरिक ऊर्जाले भरिभराउ भन्ने बुझिन्छ । तर, कस्तो रोग नभएकोलाई आरोग्य भन्ने त ? मैले कुनै पनि प्रकारको औषधि सेवन गर्नु पर्दैन, मैले अहिलेसम्म कुनै चिकित्सक वा स्वास्थ्यकर्मीको सेवा लिनुपरेको छैन, म आजसम्म कुनै अस्पताल वा स्वास्थ्य केन्द्रमा जानुपरेको छैन, त्यसैले म आरोगी हो भनेर कसैले भन्न सक्दछ । तर, यो शारीरिक निरोगिता मात्र हो । वास्तविक आरोग्य प्राप्त गर्न शरीर मात्र स्वस्थ भएर हुँदैन, व्यक्तिको मन, मस्तिष्क, शरीर, वचन र कर्म नै स्वस्थ हुनुपर्दछ, उसको भावना र चेतना स्वस्थ हुनुपर्दछ ।

### आरोग्य के हो ?

आरोग्य बहुआयामिक विषय हो । आरोग्यका आयामहरू शारीरिक, मानसिक, वातावरणीय, सामाजिक, भावनात्मक र आध्यात्मिक हुन्छन् । मानिसलाई आरोगी हुन यी सबै आयामको सन्तुलन आवश्यक पर्दछ । यी आयामहरूले मानिसलाई तीन वटा तापबाट मुक्त हुन सहयोग गर्दछन् । तीनवटै ताप छैन भने मानिस स्वतः आनन्दित हुन्छ, अनि यसरी आनन्दित मानिस नै आरोगी हुन्छ । तसर्थ आनन्दको बाहिरी प्रकट रूप नै आरोग्य हो ।

### आरोग्य पर्यटनको सम्भावना

पर्यटन विकासका लागि कुनै एउटा 'ब्राण्ड' हुनु जरूरी छ । हालसम्म हामीले प्रकृतिलाई मात्र अघि सार्दै आयौँ । नेपालको प्राकृतिक सौन्दर्य र सामाजिक-सांस्कृतिक सम्पदालाई नै पर्यटनको मूल स्रोतका रूपमा प्रचारप्रसार गर्दै आयौँ । तर, कुनै मूल तत्व अर्थात् 'ब्राण्ड'लाई भने आधार बनाएनौँ । हामीले नेपालको पर्यटनको साँच्चिकै विकास गर्ने हो भने एउटा ' ब्राण्ड' आवश्यक हुन्छ, जुन आरोग्य हो ।

विश्वमा आरोग्य अर्थतन्त्रको आकार बर्सेनि बढ्दो क्रममा रहेको छ । ग्लेबल वेल्नेस् इन्ष्टितच्युटले प्रकाशन गरेको 'दि वेल्नेस भकोनोमी : कन्ट्री ऱ्याङ्किङ' का अनुसार सन् २०२२ मा विश्वको आरोग्य अर्थतन्त्र ५.६ ट्रिलियन अमेरिकी डलर बराबर पुगेको थियो, जुन सन् २०१४ मा ३.४ ट्रिलियन अमेरिकी डलरको मात्र थियो । यसरी आठ वर्षको अवधिमा आरोग्य अर्थथन्त्रको आकार ६४ प्रतिशतले बढेको देखिन्छ । अर्थतन्त्रको आकार बढेसँगै आरोग्य प्राप्तिका लगि गरिने प्रतिव्यक्ति खर्चमा पनि वृद्धि भएको छ । सन् २०२२ मा यस्तो खर्च ७०६ अमेरिकी डलर पुगेको थियो, जुन प्रतिव्यक्ति स्वास्थ्य सेवामा गरिने खर्च (७११ अमेरिकी डलर) कै हाराहारीमा रहेको थियो । अझ उत्तर अमेरिकाको प्रतिव्यक्ति आरोग्य खर्च ५,१०८ अमेरिकी डलर पुगेको छ । यसबाट आरोग्य व्यवसाय र उद्योगको विस्तार व्यापक रूपमा भइरहेको देखिन्छ ।

आरोग्य अर्थतन्त्रमा सबैभन्दा बढी योगदान व्यक्तिगत हेरचाह र सौन्दर्य (अमेरिकी डलर १,०८९ अर्ब) को छ भने त्यसपछि क्रमशः स्वस्थकर खाना, पौष्टिकता र वजन कम गर्न (अमेरिकी डलर १,०७९ अर्ब), शारीरिक व्यायाम (अमेरिकी डलर ९७६ अर्ब), आरोग्य पर्यटन (अमेरिकी डलर ६५१ अर्ब), जनस्वास्थ्य, निरोधात्मक र औषधि (अमेरिकी डलर ६११ अर्ब), परम्परागत र निःशुल्क औषधि (अमेरिकी डलर ५१९ अर्ब) र आरोग्य घरजग्गा व्यवसाय (अमेरिकी डलर ३११ अर्ब) को रहेको छ ।

नेपालको आरोग्य अर्थतन्त्रको आकार निकै सानो छ । ग्लोबल वेल्नेस इन्टिच्युटका अनुसार विश्वका १४३ मुलुकमध्ये नेपाल आरोग्य अर्थतन्त्र सूचकाङ्कको ९१औँ स्थानमा छ । सन् २०२२ मा नेपालको आरोग्य अर्थतन्त्रको आकार २.०२ अर्ब अमेरिकी डलरको थियो । यसमा माथि उल्लेख गरिएका सबै प्रकारका खर्च पर्दछन् । नेपालमा उपलब्ध आरोग्य पर्यटनका वस्तु र सेवाले आरोग्यका अन्य आयामहरूमा गरिने खर्चलाई उल्लेख्य रूपमा घटाउन मदत गर्दछन् । हामीले यसको ब्राण्डिङ, प्रवर्द्धन र पर्याप्त प्रचारप्रसार गर्न सक्यौँ र सोही अनुसारको सेवा प्रदान गर्न सक्यौँ भने नेपाल आरोग्य पर्यटनको विश्वव्यापी 'हब' बन्न सक्दछ । यसबाट नेपाल समृद्ध हुने त छँदैछ, विश्वभरका मानिसलाई आरोगी बनाउन उल्लेख्य भूमिका खेल्न सकिन्छ ।

### आरोग्य पर्यटनका वस्तु, सम्भावना र अवसर

मानिसले सधैँ तीन वटा कुराको लालसा राख्दछ- भौतिक सुख, शारीरिक स्वस्थता र खुसी । आधुनिक युगमा भौतिक सुख प्राप्तिका लागि मानिसले जस्तोसुकै मूल्य पनि चुकाउन तयार हुन्छ । शरीरको स्वस्थता मानिसले खोज्ने अर्को कुरा हो । उसले मानसिक स्वास्थ्यको खासै वास्ता गर्दैन तर शारीरिक स्वस्थतालाई भने प्राथमिकतामा राख्छ । धेरै मानिसलाई दिगो र अविनाशी खुसीका बारेमा खासै ज्ञान छैन, उसले केवल क्षणिक खुसीलाई नै सर्वोपरि ठान्दछ । यी तीनवटै कुराको परिमार्जित सम्मिश्रण हो-आरोग्य । हामीलाई भौतिक सुख पनि चाहिन्छ, शारीरिक स्वस्थता मात्र पर्याप्त हुँदैन, मानसिक स्वस्थता पनि उत्तिकै आवश्यक हुन्छ । अनि खुसी भएर मात्र हुँदैन, त्यो खुशी दिगो र शास्वत हुनुपर्दछ । पर्यटकले खोज्ने पनि यत्ति नै हो-भौतिक सुविधा पनि होस्, स्वास्थ्य पनि सुदृढ होस् र खुसी मिलोस् । नेपालमा यी तीनै कुरा छन्मात्र हामीले खोज्न सक्नुपर्दछ, तिनको प्रवर्द्धन गर्नुपर्दछ र पर्यटकलाई दिनुपर्दछ ।

हाम्रा ऋषिमुनिहरूले भौतिक सुखलाई वास्ता गरेनन्, मानसिक सुख, स्वास्थ्य र शान्ति, त्यसपछि खुसीलाई जोड दिए । भौतिक सुखले मानिस दीगो रूपमा खुसी हुन पनि सक्दैन र मानसिक सुख पनि प्राप्त हुँदैन भन्ने उनीहरूको मान्यता थियो । आधुनिक युगमा मानिसले भौतिक सुखलाई सर्वोपरि ठान्दै स्वास्थ्यलाई कम प्राथमिकतामा राखेको छ । यी दुवै अतिवादबाट माथि उठेर हामीले आरोग्य पर्यटनको प्रवर्द्धन गर्नुपर्दछ । उपाय सरल छ- भौतिक सुख प्राप्तिमा योग र ध्यानलाई जोड्ने । यसले शारीरिक तथा मानसिक स्वास्थ्य सबल बनाउन मद्दत गर्दछ । जब शारीरिक र मानसिक सुख प्राप्त भई दिगो खुसी मिल्दछ, अनि आरोग्य खोज्न कतै जानुपर्दैन-आफैँभित्र पाइन्छ ।

### नेपालमा के छ ?

नेपालमा के छ भन्नुभन्दा पनि के छैन भन्ने प्रश्न बढी सान्दर्भिक हुन्छ । नेपालको आरोग्य पर्यटनका नौ वटा अवयब छन् ।

### १ प्रकृति, भौगोलिक र जैविक विविधता

नेपाल प्राकृतिक सौन्दर्यका लागि विश्वमै अद्वितीय मुलुक हो । विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये आठ वटा नेपालमै पर्दछन् । हिमाल बाहेक हामीसँग भएका अपार जलसम्पदा, घना जङ्गल, पदयात्राका लागि विकल्प नै विकल्प भएका स्थानहरू उपलब्ध छन् । हिमाल आरोहण होस् वा पदयात्रा होस्, वनजङ्गल विचरण होस् वा अत्यधिक बहाव भएका नदीनालामा जलयात्रालगायतका मनोरञ्जनपूर्ण क्रियाकलाप हुन्, यी सबैले शारीरिक तन्दुरुस्ती दिन्छ ।

नेपालको भौगोलिक र जैविक विविधता विश्वमै अनुपम छ । समुद्री सतहबाट ७० मिटरमाथिको केचनाकलन र ८८४८.१५ मिटरको सगरमाथा छ । त्यति नै दूरीमा माइनस ४४ देखि प्लस ४४ डिग्री सेल्सियसको तापक्रम पाइन्छ । एउटै अरुण उपत्यकामा मात्र ६०० जातिका चराचुरुङ्गी पाइन्छ । नेपालभर १०० भन्दाबढी जातजाति बस्दछन् भने ९० भन्दाबढी भाषा बोलिन्छन् । एउटै भाषा बोल्दा पनि स्थान विशेषका उच्चारण र भाव फरक रूपमा प्रकट हुन्छ । प्राकृतिक सौन्दर्य, जैविक विविधताको सामीप्य र भौगोलिक विविधताले दिने शारीरिक तथा इन्द्रीय सुख नेपालमा सजिलै पाइन्छ ।

### २ साहसिक पर्यटनका वस्तु र सेवा

साहसिक पर्यटनका लागि लगभग सबै अवसर नेपालमा उपलब्ध छन् । हिमाल आरोहण, स्कीइङ, ट्रेकिङ, अत्यधिक बहाव भएका नदीहरूमा गरिने जलयात्रा, अनेकौं प्रकारका जङ्गली जनावरहरू, अत्यधिक उचाइबाट गरिने बञ्जी जम्पिङलगायतका साहसिक खेलका लागि नेपाल आकर्षक भूमि हो। यी सबैले एकातिर शारीरिक तन्दुरुस्ती दिन्छन् भने अर्कातिर प्राकृतिक सुन्दरता र मनोरमताले इन्द्रीय सुख प्रदान गर्दछन् । शरीर र मन दुवै स्वस्थ भएपछि स्वतः मानिसले आनन्दको अनुभव गर्दछ । साहसिक पर्यटनको प्याकेजमा योग र ध्यान समावेश गर्न सकिएमा व्यक्तिले आन्त्यतिक अर्थात् अन्त नहुने सुख प्राप्त गर्दछ ।

### ३ धर्म, धार्मिक सद्भाव र सहिष्णुता

नेपाल हिन्दू धर्मावलम्बी बहुल मुलुक भए तापनि यहाँ धार्मिक सहिष्णुता र विविधता छ । व्यक्तिका धार्मिक आस्था फरकफरक होलान्, तर यहाँ कहिल्यै धार्मिक कारणले द्वन्द्व वा अशान्ति भएको छैन । नेपाल सधैँ बहुधार्मिक सद्भाव भएको मुलुकको रूपमा परिचित छ । एउटै धर्म मान्ने सम्प्रदायभित्र पनि अलग परम्परा र रीति कायम छ ।

कतिपय धर्मका अनुयायीहरू प्रकृति पूजक छन् । प्रकृतिसँग सामीप्य राख्दा स्वाभाविक रूपमा मानसिक शान्तिको अनुभूति हुन्छ । हाम्रा सबै धर्मले हामीलाई शान्ति, सद्भाव र मानसिक सुखका लागि प्रेरित गरेका हुन्छन् । आ-आफ्नो धर्मको पालना गर्दा होस् वा प्रकृतिको पूजा गरेर प्रकृतिसँग रमाउँदा होस्, मानिसले मानसिक सुखका साथै आफ्नो व्यवहारमा परिवर्तन भएको अनुभव गर्दछ । यी सबैले व्यक्तिलाई इन्द्रीय र मानसिक सुख त दिन्छ नै, यिनमा योग र ध्यान समावेश गर्न सकिएमा व्यक्ति ध्यानयोगी हुन्छ, जसले वास्तविक आनन्दको अनुभूति दिलाउँछ ।

### ४ संस्कृति तथा सांस्कृतिक सम्पदा

नेपालको संस्कृति विविधताले भरिपूर्ण छ । नेपालका विभिन्न स्थानमा वर्षैभरि कुनै न कुनै सांस्कृतिक पर्व, उत्सव वा कार्यक्रम भइरहेका हुन्छन् । संस्कृति मात्र होइन, नेपालका सांस्कृतिक सम्पदा पनि उत्तिकै विविधतायुक्त छन् । विश्व सम्पदा सूचीमा रहेका नेपालका कुल १० मध्ये आठ वटा सम्पदा संस्कृतिसँगै सम्बन्धित छन् । यी स्थानमा पुग्दा मात्र पनि व्यक्तिले इन्द्रीय आनन्द प्राप्त गर्दछ, मानसिक शान्तिको महसूस गर्दछ । नेपालका कतिपय संस्कृति प्रकृति पूजासँग सम्बन्धित छन् । पृथ्वीमा उपलब्ध पक्षी, जनावर, प्रकृतिका सबै स्वरूपको कुनै न कुनै तवरले पूजा गरिन्छ । अझ किराँत र बोन समुदाय त प्रकृतिको पूजारीकै रूपमा चिनिन्छन् ।

नेपालको संस्कृतिले प्रत्येक नेपालीलाई एकताको सूत्रमा बाँधेको छ । यहाँ धर्मको बन्देज छैन, जातपातको बन्देज नै छ । नेपालका सांस्कृतिक सम्पदा सबैका लागि खुला सङ्ग्रहालयका रूपमा रहेका छन्, जहाँबाट यिनको आनन्द लिने मात्र होइन यिनको खोज र अनुसन्धान पनि गर्न सकिन्छ । यी संस्कृति र सम्पदा विश्वको हरेक कुनाका पर्यटकका लागि अत्यन्त आकर्षक पर्यटकीय सम्पदा तथा खोज केन्द्रका रूपमा रहेका छन् ।

### ५ सामाजिक जनजीवन, रहनसहन, व्यवहार

नेपालीको सामाजिक जनजीवन र रहनसहन विशिष्ट प्रकृतिको छ । धर्म र संस्कृति नै विविधतापूर्ण भएकाले पनि यहाँको जनजीवन र रहनसहनलाई विविधतापूर्ण बनेका छन् । विविध खाले सामाजिक मूल्य, मान्यता र परम्परा भए तापनि एक आपसमा द्वेष, राग र उपेक्षाभाव छैन । यसले नेपाल विश्वभरका पर्यटकका लागि एक अनुपम विविधतायुक्त मुलुकका रूपमा परिचित छ ।

नेपालीले एक अर्काप्रति गर्ने व्यवहार अन्यत्रको भन्दा फरक छ । नेपालीहरू जस्तोसुकै दुःख परेको बेलामा पनि अतिथिलाई आदर गर्ने स्वभावबाट पर्यटकहरू प्रभावित हुने गरेका छन् । विविध प्रकारका सामाजिक रहनसहन, जनजीवन र रीतिले मात्र होइन, सबैलाई आत्मीय र आदरणीय व्यवहार गर्ने नेपालीको स्वभाव पर्यटकका लागि इन्द्रीय आनन्द र मानसिक शान्ति प्राप्त गर्ने माध्यम बन्दछ । त्यति मात्र होइन, यसले सोचाइमा परिवर्तन गर्न र अरुसँगको व्यवहारमा सुधार गर्न समेत मदत गर्दछ ।

### ६ कृषि उत्पादन, खाद्यशैली र स्वच्छ पानी, वन पैदावार

नेपालको कृषि प्रणाली विशिष्ट प्रकारको छ । खेती गर्ने आफ्नै शैली मात्र होइन, उच्च हिमाली भूभागमा समथर भूमिमा उत्पादन हुने खाद्यवस्तु उत्पादन हुन्छ । जुम्लामा दुई हजार ५०० मिटरको उचाइमा धान उत्पादन हुन्छ । यहाँको खाद्यशैली स्वस्थकर छ । परम्परागत र रैथाने खाद्यान्न पौष्टिक र स्वस्थकर छन् । विविध प्रकारका मसलाजन्य पदार्थको उत्पादनले खानाको स्वाद बढाउन मात्र होइन, औषधिका रूपमा समेत काम गर्दछन् । स्वच्छ पानीको स्रोत नेपालमै छ । नेपालका हिमालले विश्वको कुल जनसङ्ख्याको ठूलो हिस्साको पानीको आवश्यकता पूरा गर्दछन् । हिमालको हिउँ पग्लेर नदी किनारमा रहेका जडीबुटीको पौष्टिकता लिँदै बहने कञ्चन नदीका पानी स्वच्छ र शरीरका लागि आवश्यक खनिज तत्वले भरिएका छन् । कूल भू-भागको करिब ४५ प्रतिशत भाग वनक्षेत्रले ओगटेको छ । यहाँ टिम्बर र गैरटिम्बर दुवै प्रकारका वन पैदावार पाइन्छन् । जडीबुटी नेपालको सबैभन्दा महत्वपूर्ण गैरटिम्बरजन्य वन पैदावार हो । नेपालका यी खाद्यान्न, खाद्यशैली, पानी र वन पैदावारले इन्द्रीय सुख र शारीरिक स्वस्थता प्रदान गर्दछन् ।

### ७ शिक्षा, स्वास्थ्य र खेल पर्यटनका लागि अनुकूल वातावरण

नेपालको जलवायु शैक्षिक गतिविधिका लागि उपयुक्त छ । न यहाँ असाध्यै जाडो हुन्छ, न असाध्यै गर्मी । आधुनिक शिक्षाका लागि मात्र होइन, नेपाल वैदिक सनातनी शिक्षाका लागि पनि उपयुक्त स्थल हो । वैदिक सनातन युग होस् वा बुद्ध युग, कुनै पनि खोज र अनुसन्धानको अवसर नेपालमा उपलब्ध छ । आधुनिक शिक्षाका साथै सनातन शिक्षा एवं खोज तथा अनुसन्धानका लागि समेत नेपाल आकर्षक शैक्षिक हब बन्न सक्दछ ।

कुनै व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यका लागि उपचार र स्वास्थ्य सामग्री मात्र पर्याप्त हुँदैन, अपितु उपयुक्त हावापानी र वातावरण नेपालमा उपलब्ध छ । पहाडी र उच्च पहाडीस्थल आधुनिक र प्राकृतिक चिकित्साका लागि उर्वर भूमि हुन् । आयुर्वेदका लागि नेपाल पर्याप्त सम्भावना भएको मुलुक हो । चरक ऋषिबाट प्रतिपादित उपचार पद्धति होस् वा धन्वन्तरीबाट विकसित औषधि हुन्, नेपालमा यी प्रचुरमात्रामा उपलब्ध छन् । आधुनिक र आयुर्वेदिक उपचार पद्धतिका साथै प्राकृतिक चिकित्साका लागि नेपाल अवसरयुक्त मुलुक हो । यहाँका परम्परागत उपचार विधि, प्राकृतिक चिकित्सा, योग, ध्यान, स्पा, एक्युपङ्कचर, मसाजलगायतका उपचार पद्धतिमध्ये धेरै नेपालको आफ्नै खोज र अभ्यासबाट विकास भएका छन् ।

ध्यान र योगको नियमित अभ्यासले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ । हाम्रो शरीरमा रहेका सात चक्रहरूले शरीरमा भएका ग्रन्थिहरूबाट स्वास्थ्यका लागि आवश्यक विभिन्न किसिमका हर्मोन उत्पादन गर्दछन् । यसरी योग र ध्यानले मानिसको स्वास्थ्यमा प्रत्यक्ष भूमिका खेल्ने भएकाले नेपालमा उपलब्ध हुने स्वास्थ्य सेवामा योग र ध्यानलाई जोड्न सकिएमा स्वभाविक रूपमा आरोग्य प्रवर्द्धन गर्न सकिन्छ ।

नेपालको हावापानी साहसिकलगायत सबै प्रकारका खेलकुदका लागि उपयुक्त छ । वर्षैभर कुनै न कुनै प्रकारको खेल यहाँ हुन सक्दछ । विश्व राजनीति, धार्मिक र साम्प्रदायिक रूपमा तटस्थ भएकाले जुनसुकै प्रकारका खेल प्रतियोगिताको आयोजना नेपालमा सम्भव हुन्छ । विश्वभर प्रख्यात हात्तीपोलो होस् वा सर्वाधिक रुचाइने फूटबल तथा क्रिकेटका लागि नेपाल तटस्थ खेल मैदानको रूपमा रहन सक्दछ । विपरीत राजनीतिक, धार्मिक र साम्प्रदायिक आस्था बोकेका मुलुकलाई खेल पर्यटनका माध्यमबाट नेपालले एकैथलोमा जुटाउन सक्दछ ।

### ८ आठ वैदिक खोज, अनुसन्धान र सामग्री

नेपाल वैदिक खोज र अनुसन्धानका लागि अद्वितीय मुलुक हो । योग र ध्यानको उद्गमस्थल नेपाल नै हो । बौद्ध धर्मको उत्पत्ति नेपालमै भएको थियो । भगवान् बुद्ध यहीँ जन्मिनुभएको थियो । लुम्बिनीको सङ्ग्रहालयमा करिब एक लाख खोज सामग्री सुरक्षित छन् । हिन्दू र बुद्ध धर्मको सम्मिश्रण, सद्भाव र एक अर्काप्रतिको आदरभाव अनि अपनत्वमात्र पनि खोजकर्ताका लागि महत्त्वपूर्ण विषय हुन सक्दछ ।

### ९ ध्यान र योग

नेपाल त्यस्तो मुलुक हो जहाँ ध्यानको उत्पत्ति भएको थियो, ध्यानी र योगीको बासस्थान रहेको थियो, जहाँ योग र ध्यानका लागि शान्त र स्वच्छ वातावरण अनि ऋषिमुनिले ध्यान गरेको हिमालको काखमा शान्त वातावरणमा ध्यान गर्न सकिने स्थल उपलब्ध छ । यति मात्र होइन, भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा ध्यान गर्न पाउनु कुनै पनि व्यक्तिका लागि बिरलै पाइने अवसर हुनसक्छ । योगका लागि नेपाल उपयुक्त मुलुक हो । यहाँको हावापानी र वातावरणले योगबाट प्राप्त हुने फाइदालाई कैयौँगुणा बढाइदिन्छ । योग र ध्यानको महत्त्व बुझेरै संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्षको जून २१ लाई अन्तरराष्ट्रिय योग दिवस र डिसेम्बर २१ लाई विश्व ध्यान दिवसका रूपमा मनाउने घोषणा गरेको छ । हाम्रा ऋषिमुनिहरूले प्रतिपादन गरेका योग र हाम्रो भूमिबाट उत्पन्न ध्यानलाई विश्वभर फैलाउने अवसर प्राप्त भएको छ । यसरी नेपाल आरोग्य पर्यटनका माध्यमबाट समृद्धिको यात्रामा हिँड्न सक्छ । (जीवन विज्ञान विशेषज्ञ शर्मासँग गरिएको कुराकानीमा आधारित)

# लोकतान्त्रिक प्रणाली र बजेटमा खुलापन



हरिविनोद अधिकारी

हाम्रो देशको संविधानले सङ्घीय बजेट सार्वजनिक गर्ने दिन तोकेको छ जेठ १५ गते हो । विक्रम संवत् २००८ देखि बजेटमार्फत योजनाबद्ध आम्दानी र खर्च गर्ने परम्परा सुरु भएको हो । यहाँ स्मरणीय छ, २००७ सालमा नेपालमा जहानियाँ राणा शासनको अन्त्य भएपछि मुलुकले प्रजातन्त्रको नयाँ बिहानी सुरु भएपछि नेपाल वैश्विक प्रजातान्त्रिक वातावरणमा पुगेको थियो । विसं २००८ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर राणाले बजेट प्रस्तुत गरेर नेपालमा बजेट परम्पराको थालनी गर्नुभएको थियो । तत्कालीन सरकारलाई मुलुक प्रजातान्त्रिक प्रक्रियामा प्रवेश गरेको कुराको जानकारी दिनु पनि थियो र मुलुकमा योजनाबद्ध तरिकाले विकासको सुरुआत गर्नु पनि थियो ।

नेपालमा त्यसपछि त्रिवर्षीय, पञ्चवर्षीय योजना बन्न थाले र योजनाका आधारमा एक आर्थिक वर्षका लागि आय र व्ययको अनुमान गरेर जनप्रतिनिधिमूलक संस्थामा प्रस्तुत गर्न थालियो । सामान्यतः आधुनिक नेपालमा साउन सङ्क्रान्तिबाट नयाँ आर्थिक वर्षको सुरुआत मान्ने र असार मसान्तमा आर्थिक वर्षको अन्त मानेर बजेट प्रस्तुत तथा कार्यान्वयन गर्ने प्रचलन चलेको पाइन्छ । बजेटमा व्यवस्था गरेका आम्दानी र खर्चको कार्यान्वयन आर्थिक वर्षको पहिलो दिनबाटै होस् भनेर असारसम्ममा दुवै सदनबाट बजेट पारित गरिनेछ । त्यसैले जेठ १५ गते नै बजेट प्रस्तुत गर्न थालिएको हो । कतिपटक त संसद् विघटन भएकाबेला परेकाले बजेट अध्यादेशका रुपमा सार्वजनिक गरिएको पनि उदाहरण पाइन्छ । प्रजातान्त्रिक प्रक्रियामा कार्यपालिकाले गरेको आम्दानी खर्चको स्वतन्त्ररुपमा परीक्षण गरेर कमीकमजोरी सच्याउनका लागि संविधानमा नै स्वायत्त निकायका रुपमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ ।

संविधानसभाले बनाएको नेपालको संविधान (२०७२) ले गरेको व्यवस्थाअनुसार गणतन्त्र दिवसकै दिन जेठ १५गते नेपालको सङ्घीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०८२/८३ को आय व्ययको अनुमान अर्थात् बजेट प्रस्तुत गर्नुपर्ने थियो, गरियो । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षका लागि रु. १९ खर्ब ६४ अर्ब ११ करोडको अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्नुभन्दा पहिले आर्थिक सर्भेक्षण २०८१/८२ प्रस्तुत गर्नु भएको थियो । विनियोजित कूल रकममध्ये चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव १ प्रतिशत, पुँजीगततर्फ रु चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत, वित्तीय व्यवस्थापनतर्फ रु तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९ दशमलव १ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनकोक तुलनामा ५ दशमलव ६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८ दशमलव २ प्रतिशत बढी हो । कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन भएको देखिन्छ ।

यसैगरी खर्च बेहोर्ने आर्थिक स्रोतमध्ये राजस्वबाट रु १३ खर्ब १५ अर्ब, वैदेशिक अनुदानबाट रु ५३ अर्ब ४५ करोड बेहोर्दा पाँच खर्ब ९५ अर्ब ६६ करोड न्यून हुनजाने देखिन्छ । सो न्यून पूरा गर्न वैदेशिक ऋणबाट रु दुई खर्ब ३३ अर्ब ६६ करोड जुटाउने लक्ष्य राखिएको छ । राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग भएको रु तीन खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट बेहोरिनेछ ।

चालु खर्चमा बढ्न थालेको दायित्व र सार्वजनिक ऋण (वैदेशिक तथा आन्तरिक ऋण) को साँवा व्याजसहित तिर्नुपर्दा र विकासका लागि खर्चको जोहो गर्दा वैदेशिक अनुदानको मात्रा घट्दै जानु, बेलामा आयोजनाहरु सम्पन्न नहुनु र त्यसमा लागत बढ्ने क्रमले पनि खर्चमा दबाब सृजना भएको देखिन्छ भने उत्पादनमा सहजीकरण नभएर र राजस्वमा विविधीकरण नहुँदा अनुमान गरिएको राजस्व र वैदेशिक अनुदानको मात्रा नपुग हुँदा पनि बजेटमा असन्तुलन आउन थालेको देखिन्छ । बजेटका नयाँ कार्यक्रम भनेर नयाँ खर्चका कुनै विषय थप गरिएको देखिँदैन र पनि दुई वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने, पाँच लाख परिवारलाई जग्गा धनी पुर्जा वितरण गर्ने, सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गर्ने, निजीक्षेत्रसँग सात खर्ब बराबरको परियोजना विकास सम्झौता गर्ने, हप्तामा २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदै पढ्दै कार्यक्रम लागू गर्ने, व्यवसायीलाई विदेशमा पनि लगानी गर्न खुला गर्ने, वृद्धभत्ताको उमेर ६८ बाट बढाएर फेरि ७० गरिएको छ ।

बजेटमा नयाँ कुराभन्दा पनि कार्यान्वयनको समस्या देखिन्छ । नेपाली परम्परामा साउनदेखि बजेट कार्यान्वयन गर्ने भने पनि मङ्सिरयता कार्यान्वयन हुने सम्भावना देखिँदैन । स्थानीय तह, प्रदेश तथा सङ्घीय मन्त्रालयको बेरुजुको चाँङ हेर्दा बजेटको खासै सदुपयोगभन्दा पनि जथाभावी बेनियमले खर्च गर्ने प्रवृत्तिमा कसरी हो नियन्त्रण गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ । बेरोजगारी घटाउने, उत्पादनशीलता बढाउने कुरा बजेटमा देख्दा र निजीक्षेत्रसँग सहकार्य गर्ने नीतिले केही आशा जगाउने देखिए पनि इमान्दारिताका साथ कार्यान्वयन गर्ने आत्मबल अर्थमन्त्रालयले राख्नुपर्छ र सबै तहले सहयोग गरे बजेट कार्यान्वयनमा पनि आउँछ र लक्ष्यबमोजिमको परिणाम पनि आउनेछ । यसपटकको बजेट महत्वाकाङ्क्षी छैनभन्दा पनि खुला बजेटका सिद्धान्तलाई पालना गरिएको देखिँदैन भन्ने खुला बजेटका विज्ञहरुको धारणा छ । बजेट खुलापन लोकतन्त्रको आधारभूत सिद्धान्त हो किनभने यसले सरकारको वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही र जनताप्रति उत्तरदायी बनाउँछ । नेपालजस्ता लोकतान्त्रिक देशमा बजेट खुलापनका निम्न कारणले महत्वपूर्ण छ :

### पारदर्शिता र जवाफदेही

खुला बजेटले सरकारले कसरी राजस्व सङ्कलन गर्छ र खर्च गर्छ भन्ने जानकारी जनतासमक्ष पुऱ्याउँछ । यसले भ्रष्टाचार र दुरुपयोगलाई कम गर्न मद्दत गर्छ । उदाहरणका लागि, यदि बजेट विवरण सार्वजनिक छैन भने, सरकारी अधिकारीले आफ्नो स्वार्थका लागि रकम दुरुपयोग गर्न सक्छन् भन्ने मानिन्छ जस्तो कि अहिले नै बजेटमा देखिएका कमीहरु बाहिर आउन थालेका छन् । कतिपय रकमको अपारदर्शी शीर्षक र अनुत्पादक खर्चको रुपमा मान्न थालिएको देखिन्छ । र पनि बजेटको खास खुलापन भनेको नै बजेटको संरचनामा पारदर्शीता आवश्यक छ र जसको जे जिम्मा हो, त्यसको लागि बेलैमा कार्यान्वयन गर्ने जवाफदेहीता रहनुपर्छ । अहिलेको बजेट संरचनामा केही हदमा पारदर्शीता त छ, तर पनि बजेट गोप्य राख्नुपर्छ भन्ने पुरातन मान्यतामा अझै परिवर्तन ल्याउन सकिएको पाइँदैन । खुला बजेट सर्वेक्षण २०२३ मा नेपालले १०० पूर्णाङ्कमा ५० अङ्क प्राप्त गरेको पाइन्छ ।

### नागरिक सहभागिता

लोकतन्त्रमा जनताको सहभागिता महत्वपूर्ण हुन्छ । खुला बजेटले नागरिकलाई बजेट निर्माण प्रक्रियामा भाग लिन, आफ्ना आवश्यकता र प्राथमिकताहरू व्यक्त गर्न प्रोत्साहन गर्छ । जस्तै, स्थानीय तहमा बजेट छलफलले समुदायका वास्तविक समस्याहरू सम्बोधन गर्न सकिन्छ । अहिले हामीसँग तीन तहका सरकार छन् र खासगरी स्थानीय तहले बजेटको यथार्थस्वरुप प्रदान गर्न, त्यसको कार्यान्वयन गर्ने र जनताका समस्याहरुसँग आत्मसात् गरी उनीहरुका समस्याको समाधान गर्ने गरेको पाइन्छ । प्रदेश र स्थानीय तह आफैँमा स्वनिर्भर र स्वतन्त्र रुपमा आयको अवस्थामा छैनन् र तिनीहरुको खर्चको सबैजसो भार सङ्घीय बजेटले बेहोर्नु परेको देखिन्छ । यसमा नागरिकको सहभागिताका लागि २०२३को खुला बजेट सर्वेक्षणमा १०० पूर्णाङ्कमा ३१ अङ्क प्राप्त भएको तथ्याङ्क सार्वजनिक भएको थियो ।

### विश्वासको निर्माण

जब सरकारले आफ्ना वित्तीय योजना खुला रूपमा प्रस्तुत गर्छ, जनतामा सरकारप्रति विश्वास बढ्छ । नेपालमा, जहाँ सरकारी संस्थाप्रति अविश्वासको इतिहास छ, बजेट खुलापनले जनता र सरकारबीचको रिक्तता कम गर्न सक्छ । जनतामा मात्र होइन, दातृ निकायमा पनि विश्वास निर्माण गर्न सफल हुनुपर्छ । विनियोजित रकम बेलामा खर्च हुनुपर्छ, नचाहिँदो खर्च कटौती र आवश्यक खर्चका लागि स्रोत परिचालन गर्नसके जनतामा र बजेट निर्माणसँग सरोकार राख्ने पक्षमा विश्वासको निर्माण जरुरी छ ।

### सुशासन

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सुशासन हो । खुला बजेटले नीति निर्माणमा प्रभावकारिता ल्याउँछ । नागरिकले बजेटको निगरानी गर्न सक्छन् र गलत खर्च वा प्राथमिकतामा प्रश्न उठाउन सक्छन् । उदाहरणका लागि, यदि शिक्षा वा स्वास्थ्यमा कम बजेट छुट्याइएको छ भने, नागरिकहरूले त्यसको विरोध गर्न सक्छन् । बजेट निगरानी गर्ने भनेको संसद्का विभिन्न समितिहरु, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाईसहितको सामाजिक परीक्षण, महालेखापरीक्षण, विभिन्न न्यायिक तथा अर्धन्यायिक संस्थाहरुले बजेट निगरानी गर्नुपर्छ । खासगरी जसका लागि बजेट विनियोजित छ, त्यही पक्ष बढी सजग भएर बजेटको निगरानी गर्नुपर्छ । खुला बजेट सर्वेक्षणमा बजेट निगरानीमा पूर्णाङ्क १०० मा नेपालले ४६ अङ्कमात्र प्राप्त गरेको देखिन्छ ।

# नेपाललाई पदक दिलाउने शारीरिक सुगठन टोलीलाई राखेपको स्वागत




काठमाण्डु । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले भुटानमा भएको १५औं दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगिताका पदक विजेतासहित टोलीलाई आज स्वागत गरेको छ ।

राखेपका सदस्यसचिव टङ्कलाल घिसिङ, राखेप कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराईलगायतले टोलीलाई त्रिपुरेश्वरस्थित राखेपमा स्वागत गर्दै पदक दिलाउन सफल भएकामा बधाई प्रदान गर्नुभयो ।

त्यसअघि आजै नेपाली टोलीलाई कार्यकारी समितिका सदस्य भट्टराई, नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासङ्घका प्रथम उपाध्यक्ष विजयलाल कायश्थसहित पदाधिकारी, खेलाडी, प्रशिक्षक, शुभचिन्तक, परिवारजनलगायतले अन्तरराष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभएको थियो ।

भुटानको थिम्पुमा गत जेठ ३० र ३१ गतेसम्म सञ्चालन भएको उक्त प्रतियोगितामा नेपालले एक स्वर्ण र तीन रजतपदक जितेको थियो । नेपालबाट तीन पुरुष र दुई महिला गरी पाँच खेलाडीको सहभागिता थियो ।


महिला एथलेटिक फिजिकमा उर्मिला श्रेष्ठले नेपाललाई स्वर्ण दिलाइन् । सोही स्पर्धामा शीला ठकुरीले रजतपदक जितिन् । पुरुष ५५ केजी तौल समूहमा शरद सुवालले रजत तथा पुरुष स्पोर्टस् फिजिक १७५ सेन्टिमिटर मुनी अवतार श्रेष्ठले रजत पदक जितेका हुन् । पुरुष स्पोर्टस् फिजिक १७५ सेन्टिमिटर माथि प्रनिश श्रेष्ठ पाँचौँ स्थानमा रहेका छन् ।

स्वागत कार्यक्रममा सदस्यसचिव घिसिङले शारीरिक सुगठनले राष्ट्रलाई चिनाउने क्रममा थुप्रै अन्तरराष्ट्रिय पदक जितिसकेको बताउँदै पदक जितेर सारा नेपालीलाई खुसी बनाएकामा खेलाडीलाई बधाई प्रदान गर्नुभयो । शारीरिक सुगठन महासङ्घका प्रथम उपाध्यक्ष कायश्थले हरेक अन्तरराष्ट्रिय प्रतियोगतामा शारीरिक सुगठनले राष्ट्रलाई पदक दिलाउँदै आएको स्मरण गर्नुभयो ।

टोलीसँगै अफिसियल रूपमा भुटान जानुभएका शारीरिक सुगठनका सचिव दिनेशकुमार राजभण्डारीले सन् २०२७ मा नेपालमा विश्व शारीरिक सुगठन च्याम्पियनसिप आयोजनाबारे पनि भुटानमा छलफल भएको जानकारी दिनुभयो । व्यवस्थापकमा सुरेश सुवेदी, प्रशिक्षकमा रुजेश शाही, निर्णायकमा दीपेन्द्रकुमार प्याकुरेल तथा सहयोगीमा रमेश श्रेष्ठ र बालमुकुन्द अवाल भुटान जानुभएको थियो । रासस

# 'बजेटमा आर्थिक अनुशासन आवश्यक छ'

"बजेट विनियोजनमा अराजकता र अनुशासन हिनता हुने तर परिणाम प्राप्त नहुने परिस्थिति थियो, त्यसलाई कम गर्न यो बजेटले कोसिस गरेको छ ।"



काठमाण्डु । नेपाली कांग्रेसका सांसद एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले बजेटमा आर्थिक अनुशासनको आवश्यकता रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिँदै उहाँले विगतको तुलनामा यो पटकको बजेट सन्तुलित र अनुशासित भएको उल्लेख गर्नुभयो ।

"आजको आवश्यकता आर्थिक अनुशासनको हो, बजेट तुलनात्मक रूपमा सन्तुलित छ । प्राथमिकताका आधारमा बजेट विनियोजन आजको अपरिहार्यता हो", पूर्वअर्थमन्त्री डा महतले भन्नुभयो, "बजेट विनियोजनमा अराजकता र अनुशासन हिनता हुने तर परिणाम प्राप्त नहुने परि स्थिति थियो, त्यसलाई कम गर्न यो बजेटले कोसिस गरेको छ ।"

नेपाली कांग्रेसका प्रवक्तासमेत रहनुभएका डा महतले सङ्घीय बजेटले तीन करोडभन्दा तलका आयोजना प्रस्तावित नगर्ने कार्यविधिलाई कार्यान्वयन गर्ने कोसिस गरेको भन्दै यसलाई अझ सशक्त र प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "अहिले पनि कतिपय आयोजना तीन करोडभन्दा तल परेका छन् । कार्यविधि पूर्ण लागू गरिएको भए अझ परिणामुखी हुन्थ्यो । यद्यपि, चार हजारभन्दा बढी आयोजना कटौती गरेर बजेटलाई परिणाममुखी बनाउने कोसिस गर्नुभएको छ, म सराहना गर्न चाहन्छु ।"

सांसद महतले अहिले देशको आवश्यकता अनुसार बजेट अनुशासन र परिणाममुखी विनियोजन भएको भन्दै यसबाट आर्थिक वृद्धिको लक्ष्यमा सरकारी लगानीले योगदान गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो । सरकारले बजेट कार्यान्वयन गर्दै परिणाममुखी आयोजनालाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"मुलुकमा पर्यटन क्षेत्रको सम्भावना बढी छ ।

जहाँजहाँ महत्त्वपूर्ण पर्यटकीय क्षेत्र छन्, तिनलाई बाह्रै महिना चल्ने सडक सञ्जालबाट जोडेर निजी क्षेत्रले होटल, रेष्टुरेन्टलगायत पूर्वाधार विकासमार्फत पर्यटन क्षेत्रको विकास गरिनुपर्छ", उहाँले भन्नुभयो ।

पूर्वअर्थमन्त्री महतले बजेटमा प्रस्तावित स्रोत सुनिश्चितताको लक्ष्यमा पुग्न कठिनाइ हुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "आन्तरिक ऋण, वित्तीय तथा बैंकिङ प्रणालीबाट ऋण लिन बढी प्रस्ताव गरिएको छ, ऋणको साँवाब्याज तिर्न पुँजीगत खर्च बराबरको वित्तीय व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

आगामी दिनमा विनियोजनमा देखिएको समस्या, स्रोत जुटाउने समस्याप्रति थप गम्भीर हुन जरुरी छ । ठोस, सार्थक र प्राथमिकताका आधारमा मात्रै खर्च गर्ने प्रचलनलाई विकसित गर्नुपर्छ ।" सांसद महतले प्रदेशमा पनि बजेट अनुशासन कायम हुन जरुरी रहेको भन्दै सानासाना आयोजनामा बजेट विनियोजन गरेर रकम दुरुपयोग हुने गरेकाले अनिवार्य ठेक्काबाट मात्रै आयोजना कार्यान्वयन गर्ने, एक करोडभन्दा माथिको आयोजना मात्रै कार्यान्वयन गर्न प्रदेशमा बाध्यकारी अवस्था हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले प्रमुख प्रतिपक्षी दललगायत सबै दल सहभागी भएर बजेटमा छलफल गरेको सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आधारहीन विषयलाई उठाएर विरोध गरी बजेटमाथिको छलफलको महत्त्वपूर्ण अवसर गुमाएको बताउनुभयो ।

हरेक बजेटको लक्ष्य देशमा आर्थिक समृद्धि, आर्थिक अवसर सिर्जना गर्नु र रोजगारी सिर्जना गरी देशको आर्थिक विकासलाई गति दिनु रहेको भन्दै उहाँले त्यसका लागि राज्यको स्रोतसाधन कसरी परिचालन गर्ने, वैदेशिक सहायता, राजस्व परिचालन गरी कुन क्षेत्रमा लगानी गर्ने, पुँजीगत खर्च कसरी गर्नेलगायत प्राथमिकताका विषयलाई केन्द्रमा राखेर कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो ।

पूर्वअर्थमन्त्री डा महतले प्रस्तावित रु १९ खर्ब ६४ अर्बको बजेटको आम्दानीको अनुमान चाहेजस्तो हुने अवस्था नरहेको भन्दै विदेशी अनुदान प्रस्ताव गरेअनुसार आउन कठिन हुने तथा वैदेशिक ऋण पनि प्रस्ताव गरेजस्तो आउने अवस्था नभएको, राजस्व परिचालन लक्ष्य भेट्टाउन पनि सरकारले बढी मेहनत गर्नुपर्ने बताउनुभयो । रासस




# मधेश प्रदेश सरकारद्वारा प्रस्तुत.....

१०८. मधेश प्रदेश अन्तर्गत रहेका विश्वविधालयहरुको प्रशासनिक एवं भौतिक संरचनाहरु लगायत व्यवस्थापकीय सुधार कार्यको लागि अनुदान मार्फत आवश्यक रकम विनियोजन गरेको छु ।

१०९. शिक्षा तथा संस्कृति मन्त्रालय तर्फ रु ३ अर्ब ५७ करोड ६६ लाख ५५ हजार विनियोजन गरेको छु।

**उर्जा, सिंचाई तथा खानेपानी**

**माननीय सभामुख महोदय,**

११०. स्वच्छ र सुरक्षित खानेपानी आपूर्तिमा आम जनताको पहुँचलाई बढाउन प्राकृतिक विपदबाट प्रभावित तथा अधुरा खानेपानी योजनाहरूको निर्माण र मर्मत-संभार गरी संचालनमा ल्याउन बजेट विनियोजन गरेको छु ।

१११. सफा पिउने पानीको पहुँच नपुगेको सीमान्तकृत र पछाडि परेको समुदाय र क्षेत्रको पहिचान गरी प्राथमिकताको आधारमा शुद्ध पिउने पानीको व्यवस्थापन गर्नको लागि बजेट विनियोजन गरेको छु ।

११२. खानेपानी योजनाको संचालन लागत घटाउन पम्पिगं प्रणालीमा आधारित खानेपानी योजनाहरूमा सोलार पम्पको प्रयोगलाई प्रोत्साहन गरिने छ।

११३. प्रदेशभित्र सुरक्षित र गुणस्तरीय खानेपानी आपूर्ति सुनिश्चित गर्न एक जिल्ला एक पानी परीक्षण प्रयोगशाला स्थापना गर्न बजेट विनियोजन गरेको छु ।

११४. प्रदेश भित्र खुला दिशामुक्त अवस्था लाई दिगो बनाउदै मधेश प्रदेशलाई पूर्ण सरसफाई अवस्था तिर अग्रसर गर्न स्थानीय तहसँग समन्वय गरी जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

११५. सतह सिँचाइबाट वञ्चित खेतीयोग्य जग्गाहरूमा वैकल्पिक सिँचाई विधिहरू जस्तै नयाँ प्रविधिमा आधारित सिँचाइ विधिहरु( नन कन्भेन्सनल ईरिगेशन टेक्निक्स प्रोग्राम्स) को प्रयोग गरी सिँचाइ सुविधा पुर्याउनका लागि बजेट विनियोजन गरेको छु ।

११६. सिँचाइमा हालसम्म भएको लगानीबाट उच्च प्रतिफल हासिल गर्न गत विगतमा निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरुका दक्षता ४० प्रतिशत भन्दा पनि कम रहेकोले सो दक्षता वृद्धि गर्न सिंञ्चित क्षेत्र व्यवस्थापन कार्यक्रम (कमाण्ड एरिया म्यानेजमेन्ट प्रोग्राम) संचालन गर्नको लागि बजेट विनियोजन गरेको छु।

११७. भूमिगत जलस्रोतको अतिदोहन लाई निरुत्साहित गर्नका लागि सो को नियमन र अनुगमन गर्ने एवम् प्रत्येक जिल्लामा सतह सिँचाइ योजनाको सम्भाव्यताको आधारमा कम्तिमा दुईवटा सतह सिँचाइ योजनाहरूको पहिचान गरी कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छु।

११८. गत विगतमा सम्पन्न भएका ( एजेन्सी म्यानेज्ड ईरिगेशन सिस्टम सतह सिँचाइ योजनाको मर्मत-संभार तथा जिर्णोधारका कार्यहरू स्वीकृत वार्षिक सिँचाइ मर्मतसंभार योजना बमोजिम प्राथमिकताका साथ गर्नको लागि बजेट विनियोजन गरेको छु ।

११९. पूरानो स्यालो/डिप/पावर ड्रिल ट्यूबवेल सिँचाइ योजनाहरूको मर्मत-संभार, सञ्चालन तथा व्यवस्थापनका कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेको छु ।

१२०. भूमिगत जलश्रोतको संयोजनात्मक उपयोग गरी सिँचाइ विकास गर्न ग्राउन्ड वाटर क्लष्टर ईरिगेशन प्रोजेक्टलाई अध्ययन तथा अनुसंधानको आधारमा निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

१२१. पूर्व पश्चिम राजमार्गको समानान्तर रहेको वन-जंगलमा हुने आगलागीबाट वनजंगललाई जोगाउन र सुख्खायाममा जंगली जनावरहरुलाई समेत पिउने पानी उपलब्ध गराउनका लागि भूमिगत जलस्रोतको उपयोग गर्ने गरी समुचितस्थान तथा दुरीमा वन डिभिजन कार्यालयसँगको समन्वयमा डिप/पावर ड्रिल बोरिगं जडान गर्न बजेट विनियोजन गरेको छु ।

१२२. धार्मिक, अध्यात्मिक, सांस्कृतिक एवम् पर्यटकीय महत्व बोकेको दुधमति नदी बृहत्तर मिथिला परिक्रमाको अंगको रूपमा रामायणकालीन समयदेखि स्थापित रहँदै आएको र मिथिला गौरव माता जानकीको जन्म एवम् लालनपालनसँग प्रत्यक्षरूपमा जोडिएको जनविश्वास रहेको दुधमति नदी प्रतिको उच्च सम्मान र सो नदीबाट भविष्यमा संभावित सिंचाइयोग्य जग्गामा सिंचाइ सुविधा उपलब्ध हुने विषय समेतलाई हृदयंगम् गरी दुधमति नदीको उत्खनन्, संरक्षण तथा सौन्दर्यीकरणका लागि संचालनमा रहेको दुधमति नदीको उत्खनन् तथा विकास कार्यलाई बहुवर्षिय आयोजना अन्तर्गत कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु ।

१२३. प्रदेश भित्र साम्भाव्य रहेका वैकल्पिक तथा अन्य नवीकरणिय ऊर्जाका स्रोतहरूको पहिचान तथा उत्पादनका लागि आवश्यक लगानीलाई समेत प्रोत्साहन तथा प्रवर्धन गरि सौर्य ऊर्जा प्रवर्धनका लागि प्रदेशभित्र रहेका नदीका बगरहरु तथा बञ्जर जग्गालाई सदुपयोग गरी उत्पादन हुने सौर्य ऊर्जालाई राष्ट्रिय प्रसारणलाईनमा जोड्न बजेट विनियोजन गरेको छु।

१२४. वर्षाको पानी संकलन, संरक्षण पोखरी निर्माण, तथा श्रोतहरूको संरक्षण तथा समुचित उपयोग गर्न बजेट विनियोजन गरेको छु।

१२५. उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय तर्फ रु ४ अर्ब ४१ करोड ९९ लाख ९९ हजार विनियोजन गरेको छु।

**खेलकुद तथा समाज कल्याण**

**माननीय सभामुख महोदय,**

१२६. मुख्यमन्त्री आवास सुरक्षा योजना अन्तर्गत प्राकृतिक विपदबाट हुने जोखिम बिरुद्धको सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२७. मधेश प्रदेशमा रहेका महिलाहरुको सशक्तीकरण तथा प्रदेशमा नै रोजगारीको अवसर सिर्जना गर्नको लागि प्रथम महिला राष्ट्रपति स्वरोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्न बजेट विनियोजन गरेको छु ।

१२८. युवाहरुलाई उद्यमशीलताको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्न तथा युवाहरुलाई आत्मनिर्भर बनाउन युवा स्वरोजगार कार्यक्रमको संचालन गर्ने व्यवस्था मिलाएको छु ।

१२९. युवा वर्गहरुलाई खेलकुद प्रति आकर्षण गर्न माग अनुरुप खेलकुद सामाग्री वितरणको लागि बजेट विनियोजन गरेको छु ।

१३०. मधेश प्रदेशको गौरवको आयोजनाको रुपमा श्री राम जानकी बहुउद्देशिय रंगशाला, नारायणी रंगशाला, गोलबजार रंगशाला लगायत प्रादेशिक रंगशाला, खेलग्राम, खेलमैदान, कभर्ड हल निर्माण कार्यलाई प्राथमिकता दिई वजेट विनियोजन गरेको छु।

१३१. ११औं राष्ट्रिय खेलकुद प्रतियोगिता मधेश प्रदेशमा भव्यताको साथ आयोजना गर्न अहिले देखि नै पूर्वाधार निर्माणको कार्य तथा तयारीलाई प्राथमिकता दिएको छु ।

१३२. "खेली मधेश, जिति मधेश" नारालाई सार्थक बनाउन विभिन्न प्रतियोगिता, प्रशिक्षण, पुरस्कार तथा सम्मानमा विशेष जोड दिँदै मधेश खेलकुद दिवस र खेलकुद महोत्सव सञ्चालन गर्न यथेष्ट बजेट विनियोजन गरेको छु।

१३३. जनकपुरधाम र वीरगंजमा आधुनिक ओल्ड एज हाउस निर्माण कार्यको लागि यथेष्ट रकम विनियोजन गरेको छु।

१३४. खेलकुद तथा समाज कल्याण मन्त्रालय तर्फ रु १ अर्ब ६८ करोड ७३ लाख विनियोजन गरेको छु ।

**स्वस्थ्य तथा जनसंख्या**

**माननीय सभामुख महोदय**

१३५. विभिन्न नसर्ने रोगहरुको बारेमा सचेतना अभिबृद्धि लगायत अन्य स्वास्थ्य उपचारका लागि स्थानीय निकायसँगको सहकार्यमा मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३६. जनतालाई आधारभुत स्वास्थ्य सेवामा पहुँच बढाई प्राकृतिक स्वास्थ्य पद्धतिको बारेमा समेत चेतना अभिबृद्धि गर्नको लागि आयुर्वेद सेवा कार्यक्रम संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१३७. प्रादेशिक अस्पतालहरुलाई प्रविधिमैत्री बनाई आवश्यक परेका विभिन्न स्वास्थ्य सम्बन्धी उपकरणहरु खरिद तथा जडान कार्यको लागि बजेट विनियोजन गरेको छु ।

१३८. सर्लाहीको धनकौलमा ५० शैयाको आमा तथा बाल अस्पताल र गंगापुरमा आयुर्वेद योग पञ्चकर्म अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना तथा संचालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१३९. मधेश स्वस्थ्य विज्ञान प्रतिष्ठानमा ःद्यद्यक लगायत स्नातकोत्तर ःम्/ःक कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. सिरहा जिल्ला गोलबजार नगरपालिका स्थित ट्रमा सेन्टर अस्पताल, महेन्द्र गेनाई प्रदेशिक प्रसुति गृह तथा महोतरी जिल्लाको सोनमा स्थित मानसिक अस्पतालको निर्माण तथा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४१. स्वस्थ्य तथा जनसंख्या मन्त्रालय तर्फ रु ६ अर्ब ४५ करोड ६१ लाख विनियोजन गरेको छु।

**भौतिक पूर्वाधार**

**माननीय सभामुख महोदय,**

१४२. प्रादेशिक सडक संजाल गुरुयोजनामा परेका महत्वपूर्ण सडक तथा पुलहरु निर्माण गर्न " प्रादेशिक सडक कार्यक्रम" तथा "प्रादेशिक पुल कार्यक्रम" संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१४३. प्रादेशिक सडकहरुको सन्तुलित तथा योजनाबद्ध रुपमा कार्यान्वयनको लागि "एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम (पहिलो चरण)" लाई प्राथमिकताक साथ सम्पन्न गरी "एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम (दोस्रो चरण)" अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा ५-५ कि.मि. का दरले नयाँ थप ३२० कि. मि. सडकहरु कालोपत्रे गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४४. प्रादेशिक सडकहरुको नदी तथा खोलाहरुमा पर्ने आवश्यक पुलहरुको निर्माणको लागि क्षेत्रीय सन्तुलन कायम हुने गरी " एक निर्वाचन क्षेत्र एक पक्कि पूल निर्माण कार्यक्रम" मार्फत पक्की पुल निर्माण गरी सडकहरु बार्हैं महिना संचालनमा ल्याईने गरी बजेट बिनियोजन गरेको छु।

१४५. क्रमागत योजनाहरु मध्ये कार्यान्वयन हुन् सक्ने योजनाहरुमा आवश्यक बजेट बिनियोजन गरेको छु ।

१४६. स्थानीय तहका केन्द्रहरुलाई पक्कि सडक संजालसँग जोड्न तथा प्राथमिकतामा रहेका अन्य प्रादेशिक सडकहरुको स्तरोन्नति गर्न, बृहत मर्मत सम्भार र नियमित मर्मत संभार गर्न"प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम" लाई प्राथमिकताका साथ अगाडी बढाएको छु ।यस कार्यक्रमबाट १९८ कि.मी कालोपत्रे सडक निर्माण बाट २१ वटा स्थानीय तह पक्कि सडक संजालसँग जोडिनेछ , ३२६ कि.मी बृहत सडक मर्मत र १००० कि.मी सडकको नियमित मर्मत सम्भार हुन बजेट बिनियोजन गरेको छु ।

१४७. मधेश प्रदेशको पूर्व-पश्चिम प्रादेशिक राजमार्गको रुपमा रहेका सप्तरी जिल्ला देखि पर्सा जिल्ला जोड्ने प्रदेश गौरबको योजना "मधेश शहीद लोकमार्ग" को पूर्ण रुपमा निर्माण कार्यका लागि आवश्यक बजेट ब्यबस्थापन गर्न दातृ निकाय तथा संघ सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।यस आ.व. मा बाराको कलैया मलाही खण्ड लगायत अन्य खण्डमा समेत निर्माणको कार्य शुरुहुने गरी बजेट बिनियोजन गरेको छु ।

१४८. प्रदेशभित्रको (स्थानीय समेत) झोलुङ्गे पुलहरुको निर्माणका लगि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन "प्रादेशिक प्राविधिक सहयोग प्रदायक" तथा पक्की पुलहरुको डिजाइन, सुपरभिजन र निर्माणमा प्राबिधिक सहयोग पुर्याउन प्रादेशिक मोटेरेबल पुल व्यवस्थापन सेवा कार्यक्रमको निरन्तरता दिईएको छु ।

१४९. सडक मर्मत सम्भार - दिगो सडकको आधार" भन्ने नारालाई मूर्त रूप दिन सडकहरू नियमित मर्मत सम्भारको लागि च्ःन (सडक मर्मत सम्भार समूह) परिचालन गरी करिब ३०० जना रोजगारी सृजना गरेको छु ।

१५०. गुणस्तरीय पूर्वाधार निर्माणका लागि सबै जिल्लामा निर्माण सामाग्री परीक्षणका लागि स्थापित प्रयोगशालाहरुलाई आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ। साथै प्रदेशस्तरीय सुबिधा सम्पन्न परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापनाको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१५१. सडक दुर्घटना न्यूनीकरण तथा सडक सौन्दर्यीकरणको लागि "सडक सुरक्षा तथा सौन्दर्यकरण कार्यक्रम" संचालन मा ल्यएकोछु ।

१५२. जनकपुर घोषणापत्र, २०८२ "हरित, उत्थानशील तथा जलवायुमैत्री कार्यान्वनको लागि "हरित सडक कार्यक्रम" संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१५३. जनतालाई तुरुन्तै उपलब्धि दिन सक्ने बस्तिमा रहेका साना पूर्वाधार सम्बन्धी आयोजनाहरुलाई क्षेत्रीय सन्तुलन, समावेशीता कायम हुने गरी बढी भन्दा बढी रोजगारी सृजना हुने "ग्रामीण विकास कार्यक्रम" को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५४. प्रदेश सरकारको प्रशासनिक भवन निर्माण लगायत अन्य भवन निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१५५. मौलिक हकको रुपमा रहेको आवास सुविधालाई उपेक्षित बर्गसम्म प्रभावकारी रुपमा पुर्याउन संचालित "महेन्द्र नारायण निधि बिपन्न आवास योजना" तथा "बिपन्न संग मदन भण्डारी बिपन्न आवास कार्यक्रम " लाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

१५६. भौतिक पुर्वधार मन्त्रालय तर्फ रु १५ अर्ब ८८ करोड ७१ लाख ८५ हजार विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

१५७. संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शासन पद्धतिमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न स्थानीय शासन सवलीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१५८. प्रदेशभित्र सुशासन प्रवर्द्धनका लागि नवप्रवर्तनीय ज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नको लागि आगामी आ.ब. मा मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।

१५९. आगामी आ.ब. मा राष्ट्रिय किताबखानाको सहकार्यमा प्रदेश र स्थानीय तहको कर्मचारीको अभिलेख व्यवस्थापन गर्न प्रदेश निजामती किताबखानाको संस्थागत सुदृढीकरणको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

१६०. प्रदेश मन्त्रिपरिषद्को वैठकलाई पारदर्शी, व्यवस्थित तथा प्रविधिमैत्री बनाउन तथा बैठकको निर्णयको अभिलेखलाई चुस्त दुरुस्त बनाउन मन्त्रीपरिषद् बैठकलाई अटोमेशन तथा डिजिटाईजेशन गर्नको लागि बजेट विनियोजन गरेको छु।

१६१. कानुनको सचेतना, महिला सशक्तीकरण तथा लैङ्गिक विभेद तथा मानव अधिकारको प्रवर्द्धन र सम्वर्द्धन गर्नका लागि सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६२. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत आगामी आ.ब.मा प्रदेश तथा स्थानीय तहका पदाधिकारी जनप्रतिनिधि तथा कर्मचारीहरुको तालिमलाई थप परिष्कृत हुनेगरी तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा पर्याप्त वजेट विनियोजन गरेको छु।

१६३. आगामी आ.ब. प्रदेशका सबै निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनलाई चुस्त, दुरुस्त र उपयुक्त बनाउनकोलागी पर्याप्त वजेट विनियोजन गरेको छु।

१६४. नेपाल सरकारले निर्धारण गरेको तलब प्रदेश सरकार अन्तर्गतका निजामती कर्मचारीहरूलाई पनि लागू हुने व्यवस्था गरेको छु, साथै प्रदेश सरकारले प्रदान गर्दै आएको महंगी भत्तालाई बृद्धि गरि मासिक रु. ५ हजार पुर्‍याएको छु । कर्मचारीहरुको लागि आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छु।

१६५. प्रदेश सञ्चित कोष तथा आर्थिक प्रशासन सञ्चालन एवं सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा संघीय सरकारी निकाय माथिको निर्भरता पूर्ण रुपमा अन्त्य गरी प्रदेश सरकार मातहतको निकायबाट छिटो छरितो सेवा उपलब्ध गराउन महोतरी जिल्लामा प्रदेश लेखा इकाई कार्यालय स्थापना गरिनेछ ।

१६६. मधेश प्रदेश सरकारका कर्मचारीहरु (कानुन बमोजिम निवृतभरण पाउने कर्मचारी बाहेक) लाई संघीय सरकारले व्यवस्था गरे बमोजिम समाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

**माननीय सभामुख महोदय,**

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१६७. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु ४६ अर्व ५८ करोड ३३ लाख ५१ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १६ अर्ब ७२ करोड ५ लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत, पुँजीगततर्फ रु. ३० अर्ब २६ करोड २८ लाख ३४ हजार अर्थात् ६४.११ प्रतिशत । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ६.१३ प्रतिशत बढी हो।

१६८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ९ अर्ब ५० करोड ८३ लाख , वित्तीय हस्तान्तरण अनुदान तर्फ वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७२ करोड १९ लाख तथा शसर्त अनुदानबाट रु. ४ अर्ब २६ करोड १८ लाख , विशेष अनुदान बाट रु. ३९ करोड ४५ लाख , समपुरक अनुदानबाट रु. ३५ करोड ८२ लाख गरी जम्मा रु. १२ अर्ब ७३ करोड ६४ लाख , संघीय राजस्व बाँडफाँटवाट रु. १२ अर्ब ३५ करोड ८४ लाख र गत वर्षको नगद मौज्दातबाट रु. १० अर्ब ३८ करोड २ लाख ५१ हजार व्यहोर्दा रु. २ अर्ब न्यून हुनेछ। सो न्यून पूर्ति गर्न आन्तरिक ऋणबाट रु.२ अर्ब जुटाइनेछ। राजस्व, वित्तीय हस्तान्तरण, नगद मौज्दात र संघीय बाँडफाँटवाट प्राप्त श्रोत परिचालन गर्दा नपुग हुने रकम आन्तरिक ऋणबाट व्यहोरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१६९. कर तथा गैर कर राजस्व चुहावट न्यूनिकरण गर्न राजस्व प्रशासन शाखालाई सुदृढीकरण गरीने छ ।

१७०. प्रदेशको राजस्व अभिबृद्धिको लागि सुझाव प्राप्त गर्न राजस्व सुधार सुझाव समिति गठन गरिने छ ।

**माननीय सभामुख महोदय,**

१७१. आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

१७२. अन्त्यमा, समृद्ध मधेशको लक्ष्यप्रति प्रतिबद्ध रही प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्नु भएका माननीय प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू, सभामुख तथा उपसभामुखज्यू, मन्त्रीज्यूहरू, प्रदेशसभा सदस्यज्यूहरू तथा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसै गरी, बजेट निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने राजनीतिक दलहरू, अर्थविद्, विभिन्न क्षेत्रका विज्ञज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मीहरू, गैरआवासीय नेपाली, विकास साझेदार तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाहरू र आम नागरिकहरूप्रति पनि गहिरो आभार व्यक्त गर्दछु।

म विश्वस्त छु कि प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनबाट प्रदेशको समग्र हित, एकता र स्वाभिमान सुदृढ हुनुका साथै संघीयता संस्थागत हुने र जनताले गुणस्तरीय सेवा प्राप्त गर्नेछन्। यसमा सबै क्षेत्रको सक्रिय सहभागिता रहने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद।**

# पूर्वराष्ट्रपति सार्कोजी दोषी ठहरिएपछि फ्रान्सको सर्वोच्च सम्मान खोसियो

एएफपी

पेरिस । भ्रष्टाचारको अभियोगमा दोषी ठहर भएपछि फ्रान्सका पूर्वराष्ट्रपति निकोलस सार्कोजीबाट लिजन अफ अनर (देशको सर्वोच्च उपाधि) खोसिएको छ।

सन् २०१२ को राष्ट्रपति चुनावमा एक पाँच वर्षको कार्यकाल पूरा गरेपछि पराजित भएदेखि उहाँ कानूनी समस्याहरूले घेरिनुभएको छ।

सत्तरी वर्षीय सार्कोजीले गत महिनासम्म इलेक्ट्रोनिक एङ्कल ट्याग लगाउनुभएको थियो । फ्रान्सको सर्वोच्च पुनरावेदन अदालतले गत डिसेम्बरमा न्यायाधीशबाट अवैध रूपमा अनुग्रह प्राप्त गर्ने प्रयास गरेकामा उहाँको सजायलाई सदर गरेको थियो।

लिजन अफ अनरको संहिताअनुसार फ्रान्सको शीर्ष राज्य पुरस्कार एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको व्यक्तिलाई यो आदेशबाट बाहिर राखिएको छ।

तर फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले अप्रिलमा



यस्तो कदमको विरुद्धमा तर्क गर्दै घोटालाले ग्रस्त सार्कोजी निर्वाचित भएको र 'पूर्व राष्ट्रपतिहरूलाई सम्मान गर्नु धेरै महत्त्वपूर्ण' भएको बताउनुभएको थियो।

कानूनी समस्याहरूका बावजुद सार्कोजी दक्षिणपन्थमा प्रभावशाली व्यक्तित्व बन्नुभएको छ र राष्ट्राध्यक्षसँग नियमित रूपमा सामाजिक रूपमा परिचित हुनुहुन्छ।

नाजी सहयोगी फिलिप पेटाइनपछि सार्कोजी यो पुरस्कारबाट वञ्चित हुने दोस्रो पूर्व राष्ट्रप्रमुख बन्नुभएको छ । पेटाइनलाई सन् १९४५ अगस्टमा राजद्रोह र शत्रुसँग षड्यन्त्र गरेको अभियोगमा दोषी ठहर गरिएको थियो।

यो सम्मानबाट वञ्चित हुनेहरूमा सिरियाका पूर्वराष्ट्रपति बशर अल-असद, डोपिङ घोटालामा फसेका साइकल खेलाडी लान्स आर्मस्ट्रङ र चलचित्र व्यवसायी हार्वे वाइन्स्टाइन पनि हुनुहुन्छ।

वाइन्स्टाइनको महिलाहरूसँगको व्यवहारले यौन हिंसाविरुद्धको मि टु आन्दोलनको सुरुआत गरेको थियो।

इलेक्ट्रोनिक ट्याग यस महिना हटाइएका सार्कोजीले दोषसिद्धिविरुद्ध आफ्नो बचाउमा युरोपेली मानवअधिकार अदालतमा (इसिएचआर) पुनरावेदनको आफ्नो अन्तिम बाँकी कानूनी विकल्प प्रयोग गरिरहनुभएको छ।

सार्कोजीका वकिल प्याट्रिस स्पिनोसीले पूर्वराष्ट्रपतिले लिजन अफ अनरबाट वञ्चित गर्ने निर्णयलाई 'स्वीकार गर्नुभएको' तर इसिएचआरमा दायर गरिएको निवेदन 'अझै विचाराधीन' बताउनुभयो।

"फ्रान्स विरुद्धको कुनै पनि इसिएचआरको फैसलाले (सार्कोजी) विरुद्धको आपराधिक सजायको समीक्षा गर्ने साथै लिजन अफ अनरको आदेशबाट उहाँको बहिष्करणको पुनरावलोकन गर्न आवश्यक हुनेछ", स्पिनोसीले भन्नुभयो।

सार्कोजीले हाल लिबियाका दिवङ्गत तानाशाह मोआमर गद्दाफीसँगको कथित सम्झौतामा अवैध अभियान वित्तपोषण स्वीकार गरेको आरोपमा छुट्टै मुद्दाको सामना गरिरहनुभएको छ।

अदालतले सेप्टेम्बरमा फैसला सुनाउने छ जहाँ अभियोजकहरूले सार्कोजीका लागि सात वर्षको जेल सजायको माग गरेका छन् । सार्कोजीले आरोपलाई अस्वीकार गर्नुभएको छ।

# भारतमा हेलिकप्टर दुर्घटनामा बालकसहित सात जनाको मृत्यु

एएफपी

देहरादून। भारतमा आइतबार हिन्दू तीर्थयात्रीहरूलाई तीर्थस्थलबाट लैजाने क्रममा हेलिकप्टर दुर्घटना हुँदा बालकसहित सात जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन्।

बिहीबार पश्चिमी भारतीय सहर अहमदाबादको आवासीय क्षेत्रमा यात्रु विमान ठोक्किँदा कम्तीमा दुई सय ७९ जनाको मृत्यु भएकोमा आफन्तहरूले शोक व्यक्त गर्दा यो घातक दुर्घटना भएको हो।

उत्तराखण्ड राज्यको केदारनाथ मन्दिरबाट उडान भरेको हेलिकप्टर दुर्घटनामा पाइलट र सबै छ जना यात्रुको मृत्यु भएको आपत्कालीन प्रतिक्रिया अधिकारी नन्दन सिंह राजवारले एएफपीलाई बताउनुभयो।

राज्यका मुख्यमन्त्री पुष्कर सिंह धामीले 'अत्यन्त दुःखद समाचार' पछि उद्धार टोलीहरू घटनास्थलमा पठाइएको बताउनुभयो। जिल्ला पर्यटन अधिकारी राहुल चौबेका अनुसार खराब मौसमका कारण दुर्घटना भएको हुनसक्छ।

केदारनाथ मन्दिर तीन हजार पाँच सय ८४ मिटर (११ हजार सात सय ५९ फिट) उचाइमा अवस्थित छ र गर्मीको समयमा यहाँ पहुँच सम्भव हुँदा तीर्थयात्रीहरूको भीड लाग्छ।

हेलिकप्टर चार्टर फर्महरूको कुटीर उद्योग भारतीय हिमालयका तीर्थस्थलहरू भ्रमण गर्न चाहने तर कठिन पदयात्राबाट बच्न रुचाउने धनी तीर्थयात्रीहरूलाई सेवा दिन विकसित भएको छ।

गत महिना मन्दिर जाने बाटोमा भएको अर्को हेलिकप्टर दुर्घटनामा छ जनाको मृत्यु भएको थियो।

# खाडी ग्यास सुविधामाथि इजरायलको आक्रमण 'युद्ध विस्तार गर्ने' प्रयास : इरान



एएफपी

तेहरान। इरानका विदेशमन्त्री अब्बास अराघचीले आइतबार खाडी तटमा रहेको प्रमुख ग्यास सुविधामा इजरायलको आक्रमण इरानभन्दा बाहिर युद्ध विस्तार गर्ने प्रयास भएको बताउनुभएको छ।

"द्वन्द्वलाई फारसी खाडी क्षेत्रमा तान्नु एउटा ठूलो रणनीतिक गल्ती हो, सम्भवतः जानाजानी र युद्धलाई इरानी क्षेत्रभन्दा बाहिर विस्तार गर्ने उद्देश्यले गरिएको हो", विदेशी कूटनीतिज्ञहरूसँगको बैठकमा अराघचीले भन्नुभयो।

उहाँले इरानको दक्षिणी बुसेहर प्रान्त नजिकै समुद्री क्षेत्रमा अवस्थित दक्षिण पार्समा सञ्चालित एक केन्द्रमा भएको आक्रमणलाई उल्लेख गर्दै यस्तो बताउनुभएको हो।

यो क्षेत्रले इरानको घरेलु प्राकृतिक ग्यासको करिब ७० प्रतिशत आपूर्ति गर्दछ।

साउथ पार्स/नर्थ डोम मेगा-फिल्ड विश्वको सबैभन्दा ठूलो ज्ञात ग्यास भण्डार हो।

यो विशाल क्षेत्र ऊर्जा दिग्गज कतारसँग साझा गर्ने इरानले सन् १९९० को दशकको अन्त्यदेखि आफ्नो भागको विकास गर्दै आएको छ।

इरानी सञ्चारमाध्यमले शनिबार इजरायली ड्रोनले साउथ पार्स फेज १४ को एउटा सुविधालाई लक्षित गरेपछि 'ठूलो विस्फोट' र आगलागी भएको रिपोर्ट गरेको थियो।

अराघचीले आक्रमणलाई 'एक अत्यन्त खतरनाक कदम' भनेर वर्णन गर्दै खाडीमा कुनै पनि सैन्य गतिविधिमा 'सम्पूर्ण क्षेत्र-र सम्भवतः सम्पूर्ण विश्व संलग्न हुनसक्छ' भनी जोड दिनुभयो।

शुक्रबार इजरायलले इरानमा ठूलो मात्रामा आक्रमण गरेको थियो जसमा शीर्ष सैन्य कमान्डरहरू र आणविक वैज्ञानिकहरू मारिए र देशभरका सैन्य आधारहरू, आणविक स्थलहरू र आवासीय क्षेत्रहरूमा आक्रमण गरियो।

त्यसपछि इरानले इजरायलमाथि घातक क्षेप्यास्त्र आक्रमण गरेको छ । आइतबार राति कम्तीमा १० इजरायलीको मृत्यु भएको छ र दर्जनौं घाइते भएका छन्।

# इरानको आक्रमणपछि ८ जनाको मृत्यु, १३० भन्दा बढी घाइते : इजरायली उद्धारकर्ता



एएफपी

जेरुसेलम। इजरायलमाथि रातभरि भएको इरानी आक्रमणको लहरमा बालबालिकासहित कम्तीमा आठ जनाको मृत्यु भएको आपत्कालीन सेवाले जनाएको छ। हवाई आक्रमणको साइरनले देशभरका लाखौं मानिसलाई आश्रयस्थानमा लुक्न बाध्य बनाएको थियो।

मध्य क्षेत्रमा १० वर्षीय बालकसहित कम्तीमा चार जनाको मृत्यु भएको र करिब एक सय जना अन्य घाइते भएको मागेन डेभिड एडोम (एमडिए) का प्रवक्ताले जानकारी दिए। सफेला क्षेत्रमा अन्य ३७ जना घाइते भएका छन्।

इजरायली प्रहरीले एक्समा एउटा पोस्टमा तेल अभिव जिल्लाको मध्य तटमा भएको आक्रमणमा धेरै मानिस मारिएको र दर्जनौं घाइते भएको पुष्टि गरेको छ।

शनिबार राति इजरायलको पश्चिमी ग्यालिली क्षेत्रमा भएको आक्रमणले तीन तले भवन ध्वस्त पारेपछि एमडिएले तीन महिलाको मृत्यु भएको जानकारी दिएको थियो।

"दुई महिलालाई जीवनको कुनै लक्षणबिना उद्धार गरिएको थियो र उनीहरूको घटनास्थलमै मृत्यु भएको घोषणा गरिएको थियो", आपत्कालीन सेवाले एक विज्ञप्तिमा भन्यो।

तेस्रो महिलाको अस्पतालमा मृत्यु भएको बताइएको छ।

आपत्कालीन सेवाले शनिबार हाइफा क्षेत्रको एउटा घरमा इरानी क्षेप्यास्त्र प्रहार भएको र २० वर्षीया एक महिलाको मृत्यु भएको र अन्य १४ जना घाइते भएको बताएको छ।

एमडिएका प्रवक्ताले इजरायली प्रसारणकर्ता च्यानल १२ लाई इरानले रातभर गरेको क्षेप्यास्त्र आक्रमणमा करिब दुई सय जना घाइते भएको बताए।

# अमेरिकी विरोध प्रदर्शनमा गोलीकाण्डमा एक जना 'गम्भीर घाइते' : प्रहरी

एएफपी

वासिङ्टन। पश्चिमी राज्य युटाहमा राष्ट्रपति डोनाल्ड ट्रम्पका नीतिहरू विरुद्धको विरोध प्रदर्शनमा भएको गोलीकाण्डमा एक व्यक्तिलाई 'जीवनलाई जोखिममा पार्ने चोट' लागेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार अन्य तीन जनालाई हिरासतमा लिइएको छ।

यो घटना शनिबार राति ८:०० बजे (०२०० जिएमटी आइतबार) युटाहको राजधानी साल्ट लेक सिटीमा भएको प्रहरीले बताएको छ। ट्रम्पको विरोधमा संयुक्त राज्य अमेरिकाभर चलेका धेरै 'नो किङ्स' प्रदर्शनहरू मध्ये एक त्यहाँ करिब १० हजार मानिसले विरोध प्रदर्शन गरेका थिए।

"गोलीकाण्डमा एकजना व्यक्ति गम्भीर घाइते भएको हामी पुष्टि गर्न सक्छौं। बिरामीलाई जीवनलाई जोखिममा पार्ने (घाइते) अस्पतालमा लगिएको छ", साल्ट लेक सिटी प्रहरी विभागले एक सामाजिक सञ्जाल पोस्टमा भनेको छ, "एक संदिग्ध व्यक्तिलाई हिरासतमा राखिएको छ।"

प्रहरी प्रमुख ब्रायन रेडले एक पत्रकार सम्मेलनमा गोलीकाण्डसम्मका घटनाहरू 'धेरै शान्तिपूर्ण' भएको जोड दिँदै हिरासतमा लिइएको छ।


नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
कमला सिंचाइ व्यवस्थापन कार्यालय
पोर्ताहा, धनुषा

**ठेक्का सम्झौता अन्त्य गरिएको सम्वन्धी संशोधित सुचना**

संशोधित सूचना प्रकाशित मिति : २०८२/०३/०२

यस कार्यालयको मिति २०८२।०२।२२ को निर्णय अनुसार तपाई स्था.ले.न.३०१७५०२०४ श्री एस. डि. कन्स्ट्रक्सन (एस. डी. भन्नाले श्रीदेव) संग मितिः २०७८।०६।१५ मा सम्झौता भई तपसिल बमोजिमका ठेक्काहरुको सन्दर्भमा निर्धारित समय सिमा भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेको, पटक-पटक लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न अनुरोध गर्दा समेत निर्धारित अवधिसम्म निर्माण कार्य सम्पन्न हुन् नसकेको स्पष्ट कारण पेश नभएको, निर्माण व्यवसायीले करारिय दायित्व पुरा नगरेको, सार्वजनिक खरिद नियमावली (तेह्रौं सँशोधन), २०६४ वमोजिम म्याद थप भए पश्चात समेत निर्माण कार्य सम्पन्न हुन नसकेको अवस्थामा ठेक्का अन्त्य गर्नु पर्ने प्रावधान रहेको साथै सार्वजनिक खरिद नियमावली (चौधौ सँशोधन), २०६४ वमोजिम तपसिलका ठेक्काहरुको हकमा म्याद थप हुने अवस्था नरहेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा भएको व्यवस्था बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ बमोजिम कालो सुचिमा राख्न सिफारिस गरिने तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए वमोजिम Post Termination Evaluation गरी स्थापित हुने रकम सरकारी बाँकी सरह निर्माण व्यवसायीबाट असुल उपर गरिने व्यहोरा समेत यसै सार्वजनिक सुचना मार्फत जानकारी गराइएको छ।

तपशिलः

| सि.न. | ठेक्का नम्वर | ठेक्का विवरण | निर्माण व्यवसायी |
|---|---|---|---|
| १. | KMIO/STMISP/NCB-02/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Kanchanrup-12, Bastipur, Saptari District | स्था.ले.न. ३०१७५०२०४ श्री एस. डि. कन्स्ट्रक्सन (एस. डी. भन्नाले श्रीदेव) |
| २. | KMIO/STMISP/NCB-03/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Aurahi-3, Lahan-24 and Mirchaiya-6 of Siraha District | |
| ३. | KMIO/STMISP/NCB-04/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Chireswar-9, Hanspur-7 and Janakpur-19 of Dhanusha District | |
| ४. | KMIO/STMISP/NCB-05/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Mithila Bihari-3, Nagarain-6 of Dhanusha District | |

कार्यालय प्रमुख



**कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/०३/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

**क्र.सं. शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : लक्ष्मी माया विश्वकर्मा**<br>ना.प्र.नं. १८३०७६/१५६४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/१०<br>पतिको नाम : मदन बहादुर विश्वकर्मा<br>ससुराको नाम : सुक्मान कामी<br>ठेगाना : महोत्तरी जिल्ला, माईस्थान वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५ | **नाम : मदन बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. ०४९७५०३८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५७/१०/१९<br>बाबुको नाम : सुक्मान कामी<br>बाजेको नाम : सन्तमान कामी<br>ठेगाना : महोत्तरी जिल्ला, माईस्थान वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५ |

**धितोको विवरण**

मदन बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगञ्ज वडा नं. ८ ग स्थित कित्ता नं. २७३ र २७५ को क्षेत्रफल क्रमशः ०-८-०-० र -०-१-०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : हिरा यादव**
ना.प्र.नं. ३६९७३०९५, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५९/०६/२४
बाबुको नाम : राम दयाल यादव, बाजेको नाम : सिया लाल यादव
ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १, हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : हिरावन यादव**<br>ना.प्र.नं. ३६९७३०९६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५९/०६/२४<br>बाबुको नाम : राम दयाल यादव<br>बाजेको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ | **२. नाम : समरीया यादव**<br>ना.प्र.नं. ३६९७०९३६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३७/०६/२१<br>पतिको नाम : राम दयाल यादव<br>ससुराको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ |
| **३. नाम : बिमल देवी यादव**<br>ना.प्र.नं. ३६९७३२३३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/०८/१५<br>पतिको नाम : हिरावन यादव<br>ससुराको नाम : राम दयाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ | **४. नाम : संगिता कुमारी यादव**<br>ना.प्र.नं. १८-०१-७२-०३२९७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/०८/२०<br>पतिको नाम : हिरा यादव<br>ससुराको नाम : राम दयाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ |

**धितोको विवरण**

१. समरीया यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १ ख स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः ०-१-२.५-० र -०-०-७-० (बिघा) को जग्गा र जग्गामा रहेको सम्पूर्ण लिगलिगापात समेत।
२. हिरावन यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा, वडा नं. १ क स्थित कित्ता नं. ७१६ को क्षेत्रफल ०-१-१०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ऋणीको नाम, ठेगाना**

**३. नाम : घनश्याम यादव**
ना.प्र.नं. १८-०१-७४-०१९९०, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७४/०३/०७
बाबुको नाम : राम औतार राय यादव, बाजेको नाम : राम किसुन राय यादव
ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६, हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : राम औतार राय यादव**<br>ना.प्र.नं. १४२४२२३८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/११/१०<br>बाबुको नाम : राम किसुन राय यादव<br>बाजेको नाम : मोहन राय<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई गा.वि.स. वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ६ | **२. नाम : सुन्दरकला देवी**<br>ना.प्र.नं. १८३०५५/५१९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/१३<br>पतिको नाम : राम औतार राय यादव<br>ससुराको नाम : राम किसुन राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई गा.वि.स. वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ६ |

**धितोको विवरण**

घनश्याम यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टेमकिया वडा नं. ७ क स्थित कित्ता न ३५६ र ३५५ को क्षेत्रफल क्रमशः ०-२-७-० र ०-२-१७.२५-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**क्र.सं. शाखा कार्यालय : परवानीपुर, बारा**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : बचिया देवी अहिरीन**
ना.प्र.नं. १४८१/०५९६, जि.प्र.का. बारा, जारी मिति : २०४५/०१/२४
पतिको नाम : निरमल राउत यादव, ससुराको नाम : बृक्षा राउत यादव
ठेगाना : बारा जिल्ला, लिपनीमाल वडा नं. ४, हाल : बारा जिल्ला, परवानीपुर गाा.पा. वडा नं. ३

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : गणेश प्रसाद यादव**<br>ना.प्र.नं. ३३३०९८/३८, जि.प्र.का. बारा<br>जारी मिति : २०६३/१०/१८<br>बुवाको नाम : निर्मल राउत यादव<br>बाजेको नाम : बृक्षा राउत यादव<br>ठेगाना : बारा जिल्ला, लिपनीमाल वडा नं. ४<br>हाल : बारा जिल्ला, परवानीपुर गाा.पा. वडा नं. ३ | **२. नाम : महेश यादव**<br>ना.प्र.नं. ३३१०९८/२५५८, जि.प्र.का. बारा<br>जारी मिति : २०६६/१२/०४<br>बुवाको नाम : निरमल राउत यादव<br>बाजेको नाम : बृक्षा राउत यादव<br>ठेगाना : बारा जिल्ला, लिपनीमाल वडा नं. ४<br>हाल : बारा जिल्ला, परवानीपुर गाा.पा. वडा नं. ३ |

**धितोको विवरण**

बचिया देवी अहिरिनको नाममा मालपोत कार्यलय सिमरा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, लिपनीमाल गा.वि.स. वडा नं. ४ गा स्थित कित्ता नं. १२० र १२३ को क्षेत्रफल क्रमश ०-०-५-३ र ०-०-४-५ (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np




# राजस्व र व्ययको अनुमानमाथिको प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत गर्नुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा प्रस्ताव प्रस्तुत गर्दै उहाँले प्राङ्गारिक र प्राकृतिक मल उत्पादनलाई प्रवर्द्धन, डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न यसमा लागेको कर हटाइएको तथा बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधि वृद्धि हुने बताउनुभएको थियो।

अर्थमन्त्री पौडेलले प्रस्ताव प्रस्तुत गरिरहनुभएका बेला सांसद राजेन्द्र पाण्डेले सांसदको नाराबाजीका कारण मन्त्रीले भनेको कुरा नसुनिएकाले यसलाई एउटा निष्कर्षमा लगेरमात्र सभा सञ्चालन गर्न माग गर्नुभएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूको नाराबाजीबीच प्रतिनिधिसभाको बैठक सञ्चालन भइरहेको छ। बैठकमा राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल भइरहेको छ। रासस

# एनसेल 'सधैं अन करोडपति' योजना

काठमाण्डु । अब एनसेलको सधैं अनले ग्राहकहरुलाई सम्पर्कमा रही रहन र सुलभ शुल्कमा अनलाइन रहनमात्र सक्षम बनाउँदैन । एनसेलले आफ्ना ग्राहकहरुका लागि 'सधैं अन करोडपति' योजना संचालनमा ल्याएको छ, जसअन्तर्गत ग्राहकहरुले १ करोड रुपैयाँको बम्पर नगद पुरस्कार जित्ने सुनौलो मौका पाउनेछन् ।

यो योजना यत्तिमा मात्रै सीमित छैन । हरेक हप्ता १० जना भाग्यशाली ग्राहकले जनही १ लाख रुपैयाँ नगर पुरस्कार जित्नेछन् । यो साप्ताहिक नगद पुरस्कार १२ हप्ता सम्म जारी रहनेछ । त्यसको साथै, यो योजनामा सहभागी हुने प्रत्येक ग्राहकले डेटा, भ्वाइस वा डिजिटल सेवालगायत विभिन्न सेवा बोनसस्वरुप प्राप्त गर्दछन्, जसले गर्दा यो योजना सबैका लागि हात खालि नजाने योजना बनेको छ।

'सधैं अन करोडपति' योजना आज (आइतबार, असार १)देखि लागू भएको छ र यो १२ हप्तासम्म सञ्चालन हुनेछ। यो योजनामा सहभागी हुन ग्राहकहरूले कम्तीमा ९९ रुपैयाँ वा सोभन्दा माथिको कुनै पनि एनसेल सेवा–जस्तै नयाँ सिम, डेटा प्याक, भ्वाइस प्याक, एसएमएस प्याक, रोमिङ प्याक वा कम्बो प्याक लिनु पर्दछ। यो योजना आइतबारदेखि शनिबारसम्मको साप्ताहिक चक्रअनुसार संचालन हुनेछ।

"यो मनसुनमा, एक दशकभन्दा लामो समयपछि हामीले यो यति ठूलो योजना सञ्चालनमा ल्याएका छौं । सबैलाई सधैं सहज, सुलभ सेवामार्फत जोडी राख्ने हाम्रो प्रतिबद्धता बमोजिम, हामी हाम्रो 'सधैं अन' पहल अन्तर्गत यो योजना सञ्चालन गर्न पाएकोमा धेरै उत्साहित छौं। १ करोड रुपैयाँको नगद बम्पर पुरस्कारदेखि सहभागी सबैलाई केही न केही बोनसको व्यवस्था रहेकोले योजना विषेश बनेको छ," एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले भन्नुभयो।




ग्राहकहरूले ८१२३३ डायल गरी, नजिकको आधिकारिक खुद्रा विक्रेता वा एनसेल सेन्टरमा गई, अथवा एनसेल एप, एनसेल वेबसाइटमार्फत एनसेल सेवाहरु लिन सक्छन्। त्यसैगरी एनसेल रिचार्ज तथा प्याक खरिद समर्थन गर्ने नेपालमा दर्ता भएका कुनै पनि डिजिटल वालेट वा बैंक प्लेटफर्ममार्फत एनसेल सेवा लिन सकिन्छ।

हरेक ९९ रुपैयाँ बराबरको सेवा खरिद गर्दा ग्राहकले योजनाको १ वटा टिकट प्राप्त गर्नेछन् । यदि ग्राहकहरुले ४९९ रुपैयाँ बराबरको सेवा खरिद गर्छन् भने, उनीहरूले ५ वटा टिकट प्राप्त गर्नेछन्। यसको मतलब प्याकको मूल्य जति बढी भयो जित्ने सम्भावना पनि त्यत्तिकै बढी हुन्छ। ग्राहकहरुलाई सेवा खरिद पश्चात उनीहरुले पाएको आफ्नो टिकट हेर्न सकिने लिङ्क तुरुन्तै एसएमएसमार्फत पठाइनेछ । एनसेल एपमार्फत, ८९९९९३ डायल गरेर, वा चालु हप्ताका लागि १ र सम्पूर्ण योजना अवधिका लागि २ टाइप गरी ९९९९ मा एसएमएस पठाएर आफुले पाएका टिकटहरू हेर्न सक्ने व्यवस्था गरिएको छ।

यस योजनाको अर्को विशेषता भनेको रिन्यूअल वा रोमिङ सेवा खरिद गर्दा ग्राहकले नगद पुरस्कार जित्ने दोब्बर मौका प्राप्त गर्ने हो। उदाहरणका लागि, सामान्य रूपमा ९९ रुपैयाँको सेवा वा प्याक खरिद गर्दा १ वटा टिकट प्राप्त हुन्छ, तर यदि त्यो सेवा रिन्यूअल वा रोमिङ हो भने ग्राहकले २ वटा टिकटहरु प्राप्त गर्दछन्।

कुनैपनि नेपाली बैंकमा खाता र प्यान नम्बर भएका सबै प्रिपेड, पोस्टपेड र वायर-फ्री ग्राहकहरू यस योजनामा सहभागी हुन योग्य छन् । पोस्टपेड प्रयोगकर्ताहरूले मासिक रूपमा सक्रिय रहेर वा नयाँ पोस्टपेड सिम खरिद गरेर सहभागी हुन सक्नेछन् । हरेक रिन्यूअलमा टिकटहरू स्वचालित रूपमा जारी हुन्छन्।

यस योजना अवधिभर प्रत्येक आइतबार साँझ ६:३० देखि ७:०० बजेको समयामा एनसेल यूट्यूव च्यानल, एनसेल एप र कान्तिपुर टिभीमार्फत प्रसारण हुने कार्यक्रममार्फत नगद पुरस्कार विजेताहरू घोषणा गरिनेछन् । रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०३/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय परवानीपुर, बाराबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/०३/१६ गते/स्थान : शाखा कार्यालय परवानीपुर, बारा**

**बोलपत्र खोलिने मिति/समय** — **२०८२/०३/१८ गते, बुधबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : शान्ति देवी कानु**<br>ना.प्र.नं. ३४-०१-७०-१२६२६, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७०/११/१९<br>पतिको नाम : मदन साह कानु<br>ससुराको नाम : मोती साह कानु<br>ठेगाना : पर्सा जिल्ला, भवानिपुर वडा नं. ७<br>हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १८ | **नाम : मदन साह कानु**<br>ना.प्र.नं. ११५४२६०६, जि.प्र.का. पर्सा<br>जारी मिति : २०६०/०५/१०<br>बाबुको नाम : मोती साह कानु<br>बाजेको नाम : सत्य नारायण साह कानु<br>ठेगाना : पर्सा जिल्ला, भवानिपुर वडा नं. ७<br>हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १८ |
| | **धितोको विवरण** | |
| | शान्ती देवी कानुको नाममा मालपोत कार्यलय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, भवानिपुर वडा नं. ६ स्थित कित्ता नं. ४३९ को क्षेत्रफल ०-३-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# बङ्गलादेशमा व्यावसायिक रूपमा विद्युत् निर्यात सुरु : मन्त्री खड्का

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले यस वर्ष नेपालबाट भारतीय प्रसारण लाइन हुँदै ४० मेगावाट विद्युत् बङ्गलादेश निर्यात सुरु गरेको छ। गत वर्ष कात्तिक १८ (जुलाई १५) मा पहिलोपटक १२ घण्टाका लागि भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश विद्युत् निर्यात गरेको प्राधिकरणले यस वर्ष असार १ (जुन १५) अर्थात् आजदेखि पुनः ४० मेगावाट विद्युत् निर्यात सुरु गरेको हो।

गत वर्ष असोज १७ गते नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटीपिसी विद्युत् व्यापार निगम लिमिटेड भारतबीच विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर भएसँगै अघिल्लो यामको अन्तिम दिन अर्थात् कात्तिक १८ गते दिउँसो १२:०० देखि राति १२:०० बजेसम्म जम्मा १२ घण्टामात्र विद्युत् निर्यात भएको थियो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले वर्षायाममा नेपाललाई बढी भएको विद्युत् छिमेकी मुलुक भारतसँगै बङ्गलादेशमा निर्यात गर्न पाउनु खुसीको खबर भएको बताउनुभयो।



"बङ्गलादेशमा विद्युत् निर्यात हुनु यस क्षेत्रमा लाग्ने समग्र व्यवसायी र नेपालको समृद्धिका लागि खुसीको कुरा हो", उहाँले भन्नुभयो।

नेपालले हरेक वर्ष पाँच महिना वर्षात्को समयमा बढी भएको बिजुली छिमेकी मुलुक भारतलाई निर्यात गर्दै आएको छ। गत वर्ष बङ्गलादेशसँग विद्युत् निर्यात सम्झौता गरेको नेपालले त्यसबेला जम्मा १२ घण्टामात्र विद्युत् निर्यात गर्न पाएको थियो। यो वर्ष भने आजदेखि पाँच महिना निरन्तर बङ्गलादेशमा विद्युत् निर्यात गर्ने छ।

मन्त्री खड्काले हाम्रो उत्पादन निर्यात गरेर आयत घटाउन सक्ने प्रमुख क्षेत्र विद्युत् क्षेत्र भएको बताउनुभयो। नेपाल विद्युत् प्राधिकरणले त्रिशूली जलविद्युत् केन्द्रबाट उत्पादित १८ दशमलव ६० मेगावाट र चिलिमे जलविद्युत् आयोजनाबाट उत्पादित २१ दशमलव ४० मेगावाट विद्युत् निर्यात गर्न नेपाल, भारत र बङ्गलादेशबीच गत वर्ष सम्झौता भएको थियो। आजदेखि बङ्गलादेश निर्यात सुरु गरिएको विद्युत् आगामी नोभेम्बर १५ सम्म निर्यात हुने छ।

पाँच महिनामा १४ करोड ६८ लाख ८० हजार युनिट विद्युत् निर्यात हुने नेपाल विद्युत् प्राधिकरणका विद्युत् प्रणाली नियन्त्रण विभागका उपप्रबन्धक सुवर्ण सापकोटाले जानकारी दिनुभयो। उक्त विद्युत् बिक्रीबापत सरकारले पाँच महिनामा रु एक अर्ब २९ करोड आम्दानी गर्नेछ। उक्त सम्झौताबमोजिम निर्यात हुने विद्युत्को बिक्रीदर ६.४० अमेरिकी सेन्ट प्रतियुनिट रहेको छ। उक्त विद्युत् नेपालको ४०० केभी ढल्केबर सबस्टेशनबाट भारतको मुजफ्फरपुर, बेहरामपुर हुँदै बङ्गलादेशको भेरमारा सबस्टेशनसम्म पुग्नेछ।

ऊर्जा क्षेत्रमा दीर्घकालीन महत्व राख्ने विद्युत् निर्यातले नेपालको ऊर्जा सन्तुलन, जलविद्युतको अधिकतम उत्पादन र उपयोग तथा देशको अर्थतन्त्र उकास्न योगदान दिने अपेक्षा गरिएको छ।

सरकारको ऊर्जा विकास मार्गचित्र-२०८१ को अवधारणाअनुसार सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गरी १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य लिएको छ ।रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०३/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

**क्र.सं. १. ऋणीको विवरण**

| नाम : रेडियम कन्स्ट्रक्सन प्रा.लि. | नाम : भगवती मिस्ठान भंडार |
|---|---|
| दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १७०३३५/७३/०७४, दर्ता मिति : २०७४/०३/१४<br>रजिष्टर्ड कार्यालय : जनकपुर - ६, धनुषा<br>**संचालक/शेयरधनीहरु : रोशन मिश्र र दिपक कुमार साह**<br>**शाखा कार्यालय : जनकपुर** | दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय<br>दर्ता नं. : ८७२०/११६/०७३/७४, दर्ता मिति : २०७५/१२/२२<br>रजिष्टर्ड कार्यालय : जनकपुर - ६, धनुषा<br>**प्रोप्राइटर : दिलिप साह हलुवाइ**<br>**शाखा कार्यालय : जनकपुर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | | | |
|---|---|---|---|
| **१. नाम : दिपक कुमार साह**<br>बाबुको नाम : प्रदिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/१५५१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/०४/२३ | **२. नाम : रोशन कुमार मिश्र**<br>बाबुको नाम : अरुण कुमार मिश्र<br>बाजेको नाम : सुर्य नारायण मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-१-०५९/१८२<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६७/१०/०७ | **३. नाम : प्रदिप साह हलुवाई**<br>बाबुको नाम : ध्रुव साह हलुवाई<br>बाजेको नाम : मिठु साह हलुवाई<br>ठेगाना : जनकपुर - ११, धनुषा<br>ना.प्र.प.नं. : ३९६९१०९२८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/१२ | **४. नाम : सुनिता देवी साह**<br>पतिको नाम : प्रदिप साह हलुवाई<br>ससुराको नाम: ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १३०४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६२/०९/१० |
| **५. नाम : राहुल कुमार साह**<br>बाबुको नाम : प्रदिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७३-१०१७१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७६/०७/०५ | **६. नाम : अरुण कुमार मिश्र**<br>बाबुको नाम : सुर्य नारायण मिश्र<br>बाजेको नाम : शिवधर मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>हाल : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : ८८१९२५०३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४१/१२/१३ | **७. नाम : निरज कुमार मिश्र**<br>बाबुको नाम : अरुण कुमार मिश्र<br>बाजेको नाम : सुर्य नारायण मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>हाल : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १८-१-७७-०४३६७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७७/०८/२९ | **८. नाम : इन्द्र देवी भुमिहारनी**<br>पतिको नाम : अरुण कुमार मिश्र<br>ससुराको नाम: सुर्य नारायण मिश्र<br>ठेगाना : सिंग्याही - १, महोत्तरी<br>हाल : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : ८८१९२८६९<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/११/०५ |
| **९. नाम : तुल्सी साह**<br>बाबुको नाम : दिलिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/१५६५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/०४/२७ | **१०. नाम : जितेन्द्र कुमार साह**<br>बाबुको नाम : दिलिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/५२६२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३८/०३/१५ | **११. नाम : चन्दन कुमार साह**<br>बाबुको नाम : दिलिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/२७५८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०३/०८ | **१२. नाम : प्रिती देवी**<br>पतिको नाम : तुल्सी साह<br>ससुराको नाम: दिलिप साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-०७१३६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/०६/२७ |
| **१३. नाम : श्रीमती मन्जु देवी**<br>पतिको नाम : दिलिप साह हलुवाई<br>ससुराको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १९८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४६/०२/१६ | **१४. नाम : दिलिप साह हलुवाइ**<br>बाबुको नाम : ध्रुव साह हलुवाइ<br>बाजेको नाम : मिठु साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : ३९६९८५१४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/१२ | **१५. नाम : रोशनी कुमारी साह**<br>बाबुको नाम : प्रदिप साह हलुवाई<br>बाजेको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-०७१३४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/०६/२७ | **१६. नाम : मन्जु देवी**<br>पतिको नाम : दिलिप साह हलुवाई<br>ससुराको नाम : ध्रुव साह हलुवाई<br>ठेगाना : जनकपुर - ६, धनुषा<br>ना.प्र.प.नं. : १९८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४६/०२/१६ |

**धितोको विवरण**

१. दिपक कुमार साहको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको रतवाडा - १, महोत्तरी स्थित कित्ता नं. ९२८ को क्षेत्रफल ०-१-०१/४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. प्रदिप साह हलुवाईको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको जलेश्वर - ९, महोत्तरी हाल परिकौली फुलहटा - ४, महोत्तरी स्थित कित्ता नं. १०२९ को क्षेत्रफल ०-१-१६-१४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. प्रदिप साह हलुवाईको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको, जनकपुर - ६, धनुषा स्थित कित्ता नं. ४०० को क्षेत्रफल ०-०-०-३.५० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. दिलिप साह हलुवाई/प्रदिप साह हलुवाईको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको, जनकपुर - ६, धनुषा स्थित कित्ता नं. ४१३ को क्षेत्रफल ०-०-३-२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
५. धनि लुम्बिनी विकास बैंक लिमिटेड र ऋणी रेडियम कन्स्ट्रक्सन प्रा.लि. भई यातायात ब्यवस्था कार्यालय जनकपुर, धनुषामा दर्ता कायम सवारी साधन दर्ता नं. प्र २-०३-००१क-१०४६ कायम रहेको टिपर तथा सवारी दर्ता नं. प्रदेश २-०२-००१च-०६१७ कायम रहेको Scorpio।

**क्र.सं. २. ऋणीको विवरण**

**नाम : रेडलाईन कन्स्ट्रक्सन कम्पनी प्रा.लि.**
दर्ता कार्यालय : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौ
दर्ता नं. १९७३९३/०७५/०७६, दर्ता मिति : २०७५/०४/१४
ठेगाना : जनकपुर - २, धनुषा
**संचालक : अनिल कुमार यादव, शाखा कार्यालय : जनकपुर**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : अनिल कुमार यादव**<br>बाबुको नाम : रामवृज यादव<br>बाजेको नाम : सिता राम यादव<br>ठेगाना : रघुनाथपुर - ३, धनुषा<br>हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७१०४२/६१५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६८/१०/१७ | **२. नाम : रामवृज यादव**<br>बाबुको नाम : सिता राम यादव<br>बाजेको नाम : महाबिर यादव<br>ठेगाना : रघुनाथपुर - १, धनुषा<br>हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३२१११२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/२७ |

**३. नाम : रंजना कुमारी यादव**
पतिको नाम : अनिल कुमार यादव, ससुराको नाम : रामवृज यादव
ठेगाना : रघुनाथपुर - ९, धनुषा, हाल : जनकपुर - २, धनुषा
ना.प्र.प.नं. : १७१०४२/११५१, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०४/०४

**धितोको विवरण**

१. रामवृज यादवको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको रघुनाथपुर - ५ हाल सबैला - १२, धनुषा स्थित कित्ता नं. २८४ को क्षेत्रफल ०-९-१३-१५ तथा रघुनाथपुर - ५ ख हाल सबैला - १२, धनुषा स्थित कित्ता नं. २९१ को क्षेत्रफल ०-१-१९-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. लुम्बिनी विकास बैंक लि. धनी भई रेडलाईन कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ऋणीको नाममा यातायात ब्यवस्था कार्यालय जनकपुरमा दर्ता रहेको प्रदेश २-०२-००१च-०७७७ रहेको Mahendra Scorpio Pik UP DC S10 4WD - १ थान।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन्।

**पुनश्च :**
- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ असार ८ गते आइतबार कार्यालय समय सम्म।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ असार ९ गते सोमबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# हुलाकी राजमार्गका लागि बजेट कम छुट्याएकोमा गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टीका प्रमुख सचेतक डा. वीरेन्द्रप्रसाद महतोले हुलाकी राजमार्गको निर्माण कार्यमा ढिलासुस्ती भएकोमा गुनासो गरेका छन्। प्रतिनिधिसभाको आजको बैठकमा बजेटमाथिको छलफलमा भाग लिँदै महतोले तराई-मधेशको लाइफलाइन मानिएको राजमार्गलाई बजेट कम छुट्याएकोमा प्रश्न गरे ।



उनले भने, 'आगामी दुई वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने भनिएको छ। तराई-मधेशको लाइफलाइन मानिएको यस राजमार्गलाई बजेट अलिक कम विनियोजन किन गरियो ? सरकारले यसमा ध्यान देओस्। धनुषा र सिराहा जोड्ने कमला पुल अलपत्र परेको छ। यसको पुनर्निर्माणमा सरकारले विशेष ध्यान दिनुपर्छ ।'

समग्रमा अहिलेको बजेट मुलुकको राष्ट्रिय आकांक्षा पूरा गर्न कोसेढुंगा बन्ने उनको विश्वास छ। 'म जनता समाजवादी पार्टीको तर्फबाट आर्थिक वर्ष ०८२/८३ का लागि सरकारद्वारा प्रस्तुत बजेट तथा कार्यक्रममा पूर्ण समर्थनसहित स्वागत गर्दछु। यो बजेट मुलुकको राष्ट्रिय आकांक्षा पूरा गर्न कोसेढुंगा बन्ने मेरो विश्वास छ। निजी क्षेत्रको तर्फबाट बजेटको स्वागतसँगै देशको अर्थतन्त्र संरचनागत चुनौती र विगतका कमजोरीहरूको अवसरबाट मुक्त गर्न यसले प्रेरित गरेको छ,' उनले भने ।

महतोले अहिलेको बजेटले युवालाई केन्द्रमा राखेर नवप्रवर्तनमा जोड दिएको सुनाए। उनले भने, 'यो बजेटले समेटेका मुख्य विषयवस्तुहरू- विशेषगरी युवालाई केन्द्रमा राखी नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमशीलता, स्टार्टअप उद्यमीलाई सिप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य शृंखलामा आबद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम, तीन प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउन रकम विनियोजन, कृषि तथा प्रविधिमा नवप्रवर्तनजस्ता कार्यक्रम प्रशंसायोग्य छन्। यी योजनाहरूले स्वदेशमै अवसर सिर्जना गर्न र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्न निर्णायक भूमिका खेल्नेछन् ।'

पूर्वमन्त्रीसमेत रहेका डा. महतोले यो बजेटले निजी क्षेत्रसँग सहकार्य गर्दै उत्पादनमूलक उद्योग, ऊर्जा, पूर्वाधार, यातायात र डिजिटल प्रविधिमा आधारित विकासको मोडेललाई अघि सारेको भन्दै प्रशंसा गरे ।

जसपा सधैँ लोकतान्त्रिक, समाजवादी र समावेशी मूल्यमा आधारित उत्पादनमुखी अर्थतन्त्र निर्माणको पक्षमा दृढतापूर्वक उभिएको बताउँदै उनले भने, ' यो बजेटले त्यसै दिशामा अग्रसर हुँदै देशका हरेक वर्ग, क्षेत्र र समुदायलाई समेट्ने प्रयास गरेको देखिन्छ। खासगरी पछाडि पारिएका वर्ग, विपन्न नागरिक, महिला, बालबालिका, ज्येष्ठ नागरिक र युवाहरूका लागि लक्षित कार्यक्रमले सामाजिक न्यायको मूल मर्मलाई सम्बोधन गरेको छ ।'

# रोकिएन असारे विकासको परम्परा

**महालेखा नियन्त्रक कार्यालयका अनुसार जेठ मसान्तसम्ममा केन्द्र सरकारको विकास खर्च वार्षिक लक्ष्यको ४० दशमलव सात प्रतिशत अर्थात् एक खर्ब ४३ अर्ब ३९ करोड सात लाख रुपैयाँ बराबर छ । चालु आवका लागि सरकारले तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत खर्च छुट्याएको थियो ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्ष समाप्त हुन एक महिना बाँकी रहँदा विकास खर्च ४० प्रतिशत मात्र भएको छ। असारे विकासको परम्परा नरोकिएपछि एक महिनामै विकास निर्माणको बजेट खर्च ह्वात्तै बढ्ने क्रम अहिले पनि चलि नै रहेको छ।




चालु आवका लागि छुट्याइएको बजेटमध्ये जेठ मसान्तसम्ममा ४० प्रतिशत मात्र पुँजीगत खर्च भएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार जेठ मसान्तसम्ममा केन्द्र सरकारको विकास खर्च वार्षिक लक्ष्यको ४० दशमलव सात प्रतिशत अर्थात् एक खर्ब ४३ अर्ब ३९ करोड सात लाख रुपैयाँ बराबर छ। चालु आवका लागि सरकारले तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत खर्च छुट्याएको थियो।

प्रारम्भिक लक्ष्यअनुसार खर्च हुन असारमा मात्र दुई खर्ब नौ अर्ब रुपैयाँ पुँजीगत बजेट खर्च गर्नुपर्ने हुन्छ । सरकारले बजेटको मध्यावधि समीक्षा र आगामी आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्दासमेत दुईपटक आय-व्ययको अनुमान संशोधन गरिसकेको छ । सुरुको विनियोजनको तुलनामा मात्र नभई दोस्रोपटक संशोधित लक्ष्यको तुलनामा पनि हालसम्मको वास्तविक खर्च निकै कम हो। असारे विकास भनेर आचोलित हुँदै आएको सरकारलाई आर्थिक वर्षको अन्त्यको खर्च रोक्न महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमार्फत सुझाव दिँदै आएको छ। तर असारमा नै अधिक खर्च हुने प्रवृत्ति रोकिएको छैन।

गत जेठ मसान्तसम्म समग्र बजेट खर्च वार्षिक विनियोजनको ६८ दशमलव ९८ प्रतिशत छ। चालु आवका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँको बजेट ल्याएको थियो। पछिल्लो ११ महिनामा १२ खर्ब ८३ अर्ब १६ करोड रुपैयाँ खर्च भएको छ। प्रारम्भिक विनियोजन लक्ष्यअनुसार खर्च गर्ने होभने असारमा मात्र सरकारले पाँच खर्ब ७७ अर्ब १४ करोड रुपैयाँ बराबर बजेट खर्च गर्नुपर्ने हुन्छ।

विकास आयोजनामा लगाइने पुँजीगत शीर्षकको खर्च कमजोर हुँदा चालु खर्च र सरकारी ऋणको साँवा-ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्च भने औसत देखिन्छ । यस वर्षका लागि सरकारले चालु खर्च ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपैयाँ विनियोजन गरेकामा जेठ मसान्तसम्ममा ७४ दशमलव ६८ प्रतिशत अर्थात् आठ खर्ब ५१ अर्ब ७९ करोड ६३ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा ७८ दशमलव ४१ प्रतिशत अर्थात् दुई खर्ब ८७ अर्ब ९७ करोड रुपैयाँ खर्च भएको छ।

सरकारको खर्च मात्र नभई आम्दानी पनि खुम्चिएको छ। यस वर्षका लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य निर्धारण भएकामा जेठ मसान्तसम्ममा वार्षिक लक्ष्यको ७० दशमलव ९९ प्रतिशत बराबर मात्र आम्दानी भएको छ। कर राजस्व वार्षिक लक्ष्यको ७१ दशमलव ४८ प्रतिशत अर्थात् नौ खर्ब १८ अर्ब र गैरकर राजस्व वार्षिक लक्ष्यको ७२ दशमलव छ प्रतिशत अर्थात् ९८ अर्ब आठ करोड रुपैयाँ छ। यसवर्ष सरकारले १२ खर्ब ८४ अर्ब २० करोड रुपैयाँ कर राजस्व र एक खर्ब ३५ अर्ब रुपैयाँ गैरकर राजस्व उठाउने लक्ष्य थियो।

हालसम्मको वैदेशिक अनुदान प्राप्ति वार्षिक लक्ष्यको ३२ दशमलव ६६ प्रतिशतमा सीमित भएको छ । यसवर्ष सरकारले ५२ अर्ब ३२ करोड रुपैयाँ वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा जेठ मसान्तसम्ममा १७ अर्ब नौ करोड रुपैयाँ बराबर मात्र प्राप्ति गरेको उक्त कार्यालयले जनाएको छ।

सरकारले आर्थिक वर्ष २०८१/८२ को वार्षिक आय र व्ययको अनुमान दोस्रोपटक संशोधन गरिसकेको छ । पछिल्लो अनुमानअनुसार यस वर्ष वार्षिक विनियोजनको ८९ दशमलव चार प्रतिशत अर्थात् १६ खर्ब ६२ अर्ब ३७ करोड बजेट खर्च ठानिएको छ।

प्रारम्भिक विनियोजनको अनुपातमा चालु खर्चतर्फ ८८ दशमलव पाँच, पुँजीगततर्फ ८४ दशमलव चार र वित्तीय व्यवस्थातर्फ ९७ दशमलव छ प्रतिशत रहने संशोधित अनुमान सरकारको छ। चालु आर्थिक वर्ष राजस्व परिचालन १२ खर्ब ६७ अर्ब ३९ करोडमा खुम्चने सरकारको अनुमान छ।

# स्वास्थ्य कार्यालय सर्लाहीको सोफट वेयर खरिदमा अनियमिता अख्तियारमा उजुरी

**बखतियार अलि**

मलंगवा । स्वास्थ्य कार्यालय सर्लाहीको सोफट वेयर खरिदमा अनियमिता भएको भन्दै अख्तियार दुरुपयोग अनुसंन्धान आयोगमा उजुरी परेको छ।




आर्थिक वर्ष २०८१/०८२ को सशर्त कार्यक्रम अन्तरगत १८ लाख बजेटबाट हेल्थ पोष्टहरुको रेकर्ड रिर्पोटिंग गर्ने उदेश्यले सोफट वेयर खरिद गर्ने योजना रहेको छ।

जुन योजनामा अनियमितता भएको भन्दै उजुरी परेपछि उक्त सोफट वेयर खरिद गर्ने कार्यको प्रकृया तत्कालको लागि स्थगित गरिएको स्वास्थ्य कार्यालय सर्लाहीमा कार्यरत एकजना कर्मचारीले बताए। सशर्त योजना अन्तरगत EHMIS नामक सोफट वेयर खरिद गरि स्वास्थ्य संस्था र स्थानीय तहमा रहेका स्वास्थ्य चौकीहरुमा अनलाईन प्रविधीबाट सम्पुर्ण कार्य विवरण पोष्ट गर्नुपर्ने कार्यक्रम थियो । अख्तियार दुरुपयोग अनुसंन्धान आयोगमा EHMIS नामक सोफट वेयर खरिदमा अनियमितता भएको भन्दै उजुरी परेपछि EHMIS नामक सोफट वेयर खरिद कार्यक्रम संचालनमा अन्यौल देखिएको छ । मधेश प्रदेश सरकार जनसंख्या मन्त्रालय मार्फत प्रदेशका ८ वटै स्वास्थ्य कार्यालयहरुमा १८ लाखको दरले सोफट वेयर खरिद गर्न १ करोड ४० लाख रुपैया विनियोजन गरिएको पत्रचार भएपछि सोफट वेयर खदिर गर्न प्रकृया अगाडी बढेको थियो। अख्तियामा उजुरी परेपछि EHMIS नामक सोफट वेयर खरिद गर्ने कार्यको सम्पुर्ण प्रकृया हालको लागि रद्ध गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । अब असाढ मसान्त चालु भएको छ । सोफट वेयर खरिद गर्ने कार्यको प्रकृया पुरा गर्न र अनलाईन अपडेट गर्ने कार्यको लागि समय प्रयाप्त नरहेकोले सोफट वेयर खरिद गर्ने कार्यको बजेट फ्रिज हुने निश्चित रहेको स्वास्थ्य कार्यालय सर्लाहीको भनाइ छ।

# बलात्कार गर्ने श्रीमानलाई सजाय

**टुडे समाचारदाता**

जनकपुरधाम। श्रीमतीलाई बलात्कार गरेको आरोपमा श्रीमानलाई कैद तथा क्षतिपूर्ति भराउने भएको छ।

धनुषा जिल्ला अदालतका न्यायाधीश दिलकुमार वर्देवाको एकल इजलाशले एकजना श्रीमानलाई दोषी ठहर गर्दै क्षतिपूर्तिसंगै कैद सजायको आदेश दिएको छ।

न्यायाधीश वर्देवाको इजलाशले जेठ १३ गते वैवाहिक जबरजस्ती करणी मुद्दामा श्रीमानलाई दोषी ठहर गर्दै सजाय निर्धारणको लागि पेश गर्ने निर्णय सुनाएको थियो।

जेठ २९ गतेको पेशीमा सजाय पूर्वको प्रतिवेदन पेस गर्न लगाउने आदेश दिएपछि गत शुक्रबार भएको पेशीमा न्यायाधीश वर्देवाको इजलासले श्रीमानलाई दोषी ठहर गर्दै ६ महिना कैद र एक लाख क्षतिपूर्ती तिराउने आदेश दिएको छ।

श्रीमानले जर्वजस्ती करणी गरेको भन्दै धनुषा जिल्ला अदालतमा २०७९ चैत २१ गते श्रीमतीले मुद्दा दायर गरेकी थिइन्। मुद्दा दायर गरेपछि २०८० साउन २१ गते पहिलो पेशी चढेको थियो।

पहिलो पेशीमा अदालतले धरौटी माग गर्ने आदेश दिएको थियो। कुल ३६ वटा पेशी चढेपछि शुक्रबार उनको मुद्दामा अन्तिम आदेश आएको छ।

# फूलजोर पुल एक महिनादेखि बन्द



**टुडे समाचारदाता**

मलंगवा । ठेकेदारको लापरवाही कारण सर्लाहीको फूलजोर खोलाको पुल एक महिनादेखि बन्द रहेको छ।

सर्लाहीको लालबन्दी नगरपालिका-३ स्थित जब्दी र ईश्वरपुर नगरपालिका-८, रामपुरको सीमास्थित फूलजोर खोलाको पुलमा दक्षिणतर्फको भाग अर्थात् रामपुरपट्टी पुल र सडकको भाग जोड्ने ठाउँमा ठुलो भ्वाङ पर्दा गएको वैशाख २३ गतेदेखि पुलबाट आवतजावत बन्द गरिएको थियो।

सडक डिभिजन चन्द्रनिगाहपुरले पुललाई जोड्ने पहुँच सडक (एपरोच रोड) मर्मत गर्न भन्दै पुलमा ढुङ्गा थुपारेर राखेको एक महिना भन्दा बढी भइसक्दा पनि ठेकेदार सम्पर्कमा आएका छैनन्। पुलमा थुपारिएको ढुङ्गाको छेउबाट र भ्वाङ परेको ठाउँबाटै जोखिमपूर्ण ढंगले कतिपय मोटरसाइकल चालकले मोटरसाइकल वारपार गराउने गरेका छन् । पैदलयात्री पनि पुलमाथिबाटै हिँडिरहेका छन्।

चार पांग्रे सवारी साधन भने खोलाको पानीमा हेलिएर वारपार गरिरहेका छन्। अब वर्षायाममा खोलामा बाढी आइरहने भएकाले आउजाउ नै ठप्प हुने अवस्था सिर्जना भएको स्थानीयको गुनासो छ।

लालबन्दी बजारमा जुत्ता, चप्पलको पसल गर्ने ईश्वरपुर नगरपालिका-११ स्थित कर्मोहानका राजेश महतोको पुलको अवस्था अत्यन्त धराप हुँदा पनि मर्मतमा बेवास्ता गरिँदा छक्क परेको बताए। उनले ढुंगा थुपारिएको र भ्वाङ परेकै ठाउँबाट लोड बोकेका साइकल तथा मोटरसाइकल जवर्जस्ती वारपार गराउने काम भइरहेकाले गम्भीर प्रकृतिको दुर्घटनाको जोखिम रहेको जानकारी दिए।

पप्पु शिवशंकर जेभीले तीन वर्षअघि नै निर्माण गरेको फूलजोर खोलाको यो पुल हस्तान्तरण भएको छैन्। पुलमा जब्दी र रामपुर दुवैतर्फबाट पहुँच सडक कालोपत्रे गर्ने जिम्मा गढिमाई रिया निर्माण सेवा रौतहटले पाएको छ।

ईश्वरपुर नगरपालिका ८ का वडाध्यक्ष श्यामबहादुर थापाले ठेकेदारले आजभोली भन्दा भन्दै काम गर्न आलटाल गरिरहेको बताए। वडाध्यक्ष थापाले पुलको मर्मत र छेउछाउका सडक कालोपत्रे गर्ने जिम्मेवारी अर्कै निकायको रहेको तर गाली भने जनप्रतिनिधिले खानुपरेको गुनासो गरे।

सडक डिभिजन चन्द्रनिगाहपुरले फूलजोर पुलमा पहुँच सडक बनाउन आलटाल गर्ने निर्माण कम्पनी गढिमाई रिया निर्माण सेवा रौतहटलाई कारबाही गर्ने तयारी गरेको छ। कार्यालयका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर अरुणकुमारलाल कर्णले अब एक हप्ताभित्र पुल सूचारु हुने गरी काम नगरे निर्माण व्यवसायीलाई कारबाही प्रक्रिया अघि बढाएर अर्को उपाय खोजिने बताउनुभएको छ।

अब वर्षायाम शुरु भइसकेकाले तत्काल पुलमा पहुँच सडक बन्ने सम्भावना कम रहेको स्थानीयले बताएका छन्।

# गलेको अवस्था एक महिलाको शव फेला



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा सडेको अवस्थामा एक महिलाको शव फेला परेको छ। धनुषाको मिथिला नगरपालिका-४, स्थित चमेनियामाई मन्दिरदेखि सात सय मिटर उत्तरपश्चिमतर्फ रहेको साझेदारी वन क्षेत्रमा सडेगलेको अवस्थामा एक महिलाको शव फेला परेको छ।

ईलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशंकर यादवले अन्दाजी २५ देखि ३० वर्ष उमेरकी महिलाको शव माउकिरा लागेर पूर्ण रुपमा दुर्गन्धित अवस्थामा फेला परेको बताए। उनका अनुसार महिलाको हालसम्म परिचय खुलेको छैन । त्यसले गर्दा शवको सनाखत गर्न सकिएको छैन भने उनको नाम, थर र वतनसमेत अज्ञात रहेको प्रहरीले जनाएको छ।

शवलाई प्रादेशिक अस्पताल जनकपुरधामको शवगृहमा राखिएको छ । प्रहरीका अनुसार मृतक महिलाको शारीरिक बनावट उचाइ करिब पाँच फिट, लामो कालो कपाल छ। घटनास्थलमा भेटिएको पहिरन अनुसार महिलाले गाढा निलो र खैरो बेल्ट भएको फुल बाहुला कुर्ता, हरियो र सेतो बुट्टा भएको सल, घ्यु रङ्गको प्लाजा (सुरुवाल), गुलाबी सल र कालो रङ्गको लेडिज चप्पल लगाएकी थिइन्।

शवको सनाखत हुन नसकेको भन्दै ईलाका प्रहरी कार्यालय ढल्केबरले मृतक महिला वा उनको आफन्त पहिचान गरिदिन सर्वसाधारणसँग आग्रह गरेको छ।

# पूर्वमाओवादी नेतासहित दुई दर्जन कांग्रेसमा प्रवेश

**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति एवं पूर्वमन्त्री प्रदेश सांसद वीरेन्द्र प्रसाद सिंहको विशेष पहलमा सर्लाहीको धनकौल गाउँपालिका-३ हरकठवामा माओवादी केन्द्रका नेता रामएकवाल राय यादवको नेतृत्वमा २५ जना सम्मानित व्यक्तित्व नेपाली कांग्रेसमा प्रवेश गरेका छन्।



एक विशेष कार्यक्रममा पूर्वमन्त्री सिंहले नवप्रवेशीहरूलाई माला र टीका लगाएर पार्टीमा स्वागत गरेका हुन्। सो कार्यक्रममा स्थानीय नेता कार्यकर्ताको उल्लेखनीय उपस्थिति रहेको थियो।

नेपाली कांग्रेस सर्लाही जिल्लामा सशक्त रुपमा स्थापित हुँदै गएको प्रदेश सांसद सिंहले बताए । उनले कांग्रेसले सर्लाहीमा १२ स्थानीय तहमा जित दर्ता गराइसकेको र आगामी निर्वाचनहरूमा प्रदेशसभा तथा प्रतिनिधिसभामा पनि विजयी हुनेगरी संगठन बलियो बनिरहेको दाबी गरे। "जनताको दुःखसुखमा निरन्तर साथ दिइरहेका छौँ, विकास-निर्माण र जनसेवामा कांग्रेसको उपस्थिति बढ्दो छ," सिंहले कार्यक्रममा बताएका थिए।

पूर्वमन्त्री सिंहका स्वकीय सचिव निकेश त्रिपाठीका अनुसार पछिल्लो समय कांग्रेसप्रति आकर्षण बढिरहेको र विभिन्न पार्टी परित्याग गरेर नेता-कार्यकर्ताहरू प्रवेश गरिरहेको क्रम जारी छ।

हाम्रो पहिचानमा हाम्रो गौरव
- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधातामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं,

"हाम्रो पहिचान, हाम्रो स्वाभिमान"
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८